का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ असोज २०८३
शनिबार
19 September 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २४०। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# १२ जिल्ला हाँकिरहेका महिला सिडिओ

नेपालका ७७ जिल्लामध्ये अहिले १२ जिल्लाको प्रशासनिक नेतृत्व महिला सिडिओले गरिरहेका छन् । पाँच सहसचिव र सात उपसचिव गरी महिलाले शान्ति-सुरक्षा, विपद् व्यवस्थापन, प्रशासनिक सेवा र निर्वाचनजस्ता संवेदनशील जिम्मेवारी सम्हालिरहेका छन् । संविधानले सुनिश्चित गरेको समानुपातिक समावेशी सहभागितासँगै प्रशासनमा महिला नेतृत्व विस्तार हुँदै गएको छ ।





निजामती सेवाबाट उच्च तहमा पुगिन्छ भन्ने सोचेकै थिएन । काम गर्दै जाँदा पेशाप्रति लगाव बढ्यो, आफ्नो जिम्मेवारीप्रति संवेदनशील भएकै कारण यो ठाउँमा पुगेँ ।

■ **रुद्रादेवी शर्मा**
**प्रजिअ धनकुटा**



महिलाले काम गर्न सक्दैनन् भन्ने भाष्य कम हुँदै गएको छ, बरु महिलाले गलत गर्दैनन् भनेर अनावश्यक काम लिएर आउने क्रम घटेको छ ।

■ **लक्ष्मी पाण्डेय गौतम**
**प्रजिअ धादिङ**

**भावना पाठक / मध्यान्ह**
काठमाडौं, २ असोज

धादिङकी प्रमुख जिल्ला अधिकारी (सिडिओ) लक्ष्मी पाण्डेय गौतम अहिले भोटेकोशी बाढीपछिको विषम परिस्थितिमा जिल्लाको प्रशासनिक नेतृत्व गरिरहेकी छन् । गत भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले धादिङलाई समेत असर पारेपछि उनको जिम्मेवारी थप चुनौतीपूर्ण बनेको छ ।

बाढीमा परी मृत्यु भएका १ हजार ४४० जनामध्ये ७२ जनाको शव धादिङमा भेटिएको सरकारी तथ्यांक छ । ठूलो संख्यामा शव फेला परेपछि तिनको पहिचान, व्यवस्थापन र सुरक्षा संयन्त्रको परिचालनमा जिल्ला प्रशासनको भूमिका महत्वपूर्ण बनेको छ । उद्धार, राहत तथा प्रभावितको अस्थायी व्यवस्थापनसँगै जिल्लाको शान्ति-सुरक्षा र सेवा प्रवाहलाई निरन्तरता दिने जिम्मेवारी पनि प्रशासनकै हो ।

गौतमले गत जेठ २५ गतेदेखि धादिङको सिडिओको जिम्मेवारी सम्हालेकी हुन् । यसअघि स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतदेखि विभिन्न चरणका निर्वाचन सम्पन्न गराउने जिम्मेवारीमा रहेकी उनी २०६३ सालमा शाखा अधिकृतका रूपमा निजामती सेवामा प्रवेश गरेकी थिइन् । २०६७ सालमा खुला प्रतिस्पर्धाबाट उपसचिव बनेकी उनको सिडिओका रूपमा यो पहिलो कार्यकाल हो ।

'सिडिओ हुनुभन्दा पहिले पनि म नेतृत्वदायी भूमिकामा थिएँ,' उनी भन्छिन्, 'महिलाले काम गर्न सक्दैनन् भन्ने भाष्य कम हुँदै गएको छ, बरु महिलाले गलत गर्दैनन् भनेर अनावश्यक काम लिएर आउने क्रम घटेको छ ।' महिलाले नेतृत्व गरेका जिल्लालगायत अन्य कार्यालय पनि सफल भएको उनको बुझाइ छ ।

गौतमको अनुभव अहिले नेपालका विभिन्न जिल्लाको प्रशासनिक नेतृत्व सम्हालिरहेका महिला अधिकारीको प्रतिनिधि अवस्थाजस्तै देखिन्छ । ७७ जिल्लामध्ये अहिले १२ जिल्लामा महिला सिडिओ छन् । पाँच जना सहसचिव र सात जना उपसचिव गरी १२ महिला अधिकारीले जिल्ला प्रशासनको नेतृत्व गरिरहेका छन् । हिमाल, पहाड र तराईका »» पृष्ठ २ मा

## पहिलो महिला सिडिओ थिइन् उषा

आजभन्दा झण्डै चार दशकअघि महिलाका लागि निजामती सेवाको उच्च पदमा पुग्नु नै ठूलो चुनौती थियो । त्यसमाथि प्रमुख जिल्ला अधिकारी बनेर जिल्ला प्रशासनको नेतृत्व गर्नु सहज विषय थिएन । त्यही अवस्थामा उषा नेपाल नेपालको पहिलो महिला सिडिओ बनिन् ।

उषाको सिडिओ »» पृष्ठ २ मा



**संविधानका ११ वर्ष**

# पूर्ण कार्यान्वयनमा अलमल संशोधनमा अन्योल

संविधान जारी भएको ११ वर्षमा पूर्ण कार्यान्वयन हुन सकेको छैन । संघीयता र अधिकार प्रत्यायोजनमा अलमल कायमै छ । समयानुकूल संशोधनको बहससमेत ओझेलमा परेको छ । संविधान संशोधनका विषयमा दल र सरोकारवालाबीच साझा बहस हुन सकेको छैन । जसका कारण संशोधन अन्योलमा परेको छ ।



**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २ असोज

गत जेनजी आन्दोलनपछि अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले २०८२ भदौ २७ गते मध्यरातमा संविधानविपरीत राष्ट्रपतिसमक्ष संसद् विघटनको प्रस्ताव लगिन् । सोही प्रस्ताव राष्ट्रपति रामचन्द्र पौडेलले स्वीकृत गरेपछि राजनीतिक दलहरूले त्यसलाई असंवैधानिक भने । तर राष्ट्रपति पौडेलले भने 'बडो जुक्तिले' संविधान तथा संसदीय प्रणाली बचाउन सफल भएको दाबी गरेका थिए ।

संविधान नै नजोगिने अवस्था आएकोप्रति लक्षित गर्दै उनले भनेका थिए, 'बडो जुक्तिले संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । निर्वाचनबाट अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन् ।'

संविधानसभाबाट जारी भएको नेपालको संविधान २०७२ लाई विश्वकै उत्कृष्ट संविधानका रूपमा व्याख्या गरिएको छ । तर संविधान जारी भएको ११ वर्षमा राजकाज चलाउनेहरूबाटै संविधानप्रतिकूल कार्य निरन्तर भइरहेका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुई पटकसम्म संसद् विघटन गरे भने संविधान निर्माणमा मुख्य भूमिका खेलेका मुख्य राजनीतिक दल सम्मिलित सरकारबाटै बारम्बार संविधान उल्लंघन र कार्यान्वयनमा अवरोध हुँदै आयो ।

पछिल्लो पटक जेनजी आन्दोलनका अभियन्ता सुधन गुरुङले समेत संविधान राख्ने कि फाल्ने भन्ने अवस्थासम्म पुगेको बताएका थिए । जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारका पालामा गुरुङले भनेका थिए, 'यो संविधान राख्ने कि फाल्ने भन्ने कन्फ्युजमा छु ।' तर उनी अहिले यही संविधानभित्रैबाट गठन भएको सरकारका गृहमन्त्री छन् । उनी संविधान फाल्ने होइन, यसको रक्षा, कार्यान्वयन र समयानुकूल संशोधन गर्नुपर्ने ठाउँमा छन् । तर संविधान पूर्ण कार्यान्वयन भइरहेको छैन भने संशोधनको एजेन्डा पनि अन्यौलमा परेको छ ।

नेपालको संविधानलाई उत्कृष्ट भनिए »» पृष्ठ २ मा



संविधान संशोधन एकपक्षीय रूपमा सम्भव छैन । संविधानको स्प्रिटलाई मर्न नदिई सर्वस्वीकार्य बनाउनुपर्छ ।

■ **ठाकुरराम आचार्य**
**संविधानविद्**



संविधान निर्माण गर्ने राजनीतिक दलहरूले नै संविधान उल्लंघन गर्दै आए । प्रदेश र स्थानीय सरकारलाई उनीहरूले केन्द्रबाटै लगाम लगाउने प्रयत्न गरेपश्चात यसको कार्यान्वयनमा समस्या देखियो ।

■ **चन्द्रकान्त ज्ञवाली**
**संविधानविद्**



संघीयताको मर्मविपरीत ब्युरोक्रेसी, राजनीतिक नेतृत्व, न्यायपालिका, विभिन्न संरचनाहरू अझै एकात्मक सोचका साथ चलिरहेका छन् ।

■ **वर्षमान पुन**
**नेता, नेकपा**

# परिवारले मृत्यु स्वीकारे राज्यको सूचीमा अझै बेपत्ता

बाढीले आफन्त गुमाएका परिवारले धार्मिक संस्कारअनुसार काजकिरिया गरिसके । तर शवको पहिचान र कानुनी प्रक्रिया पूरा नभएकाले राज्यको अभिलेखमा उनीहरू अझै बेपत्ता छन् । मृत्यु दर्ता नहुँदा राहतदेखि सम्पत्ति र बिमासम्मको अधिकारमा परिवार अल्झिएका छन् ।





बेपत्ता व्यक्तिको शव फेला नपरेसम्म र पहिचान तथा मुचुल्कालगायतका प्रक्रिया पूरा नभएसम्म कानुनी रूपमा मृत्यु दर्ता गर्न कठिन हुन्छ ।

■ **मारसी तामाङ**
**वडाध्यक्ष, उत्तरगया-१**



बेपत्ता भएका नागरिकको मृत्यु पहिचान तथा मान्यतासम्बन्धी कानुनी गाँठो फुकाउन चाहेका छौं । कानुनमा के कस्तो संशोधन गर्न सकिन्छ छलफल भइरहेको छ ।

■ **आनन्द काफ्ले**
**प्रवक्ता, गृह मन्त्रालय**

**सपना बोहरा / मध्यान्ह**
काठमाडौं, २ असोज

बाढीले बगाएको करिब ३० मिटर पर तान्जिङ छिरिङ घलेले आफ्नै बुवा-आमाको शव देखे । आँखैअगाडि देखेको त्यो दृश्य उनका लागि बुवाआमासँगको अन्तिम भेट थियो । तर त्यही शव उनले संस्कारअनुसार अन्तिम बिदाइ गर्न पाएनन् ।

रसुवा बेत्रावतीका ७५ वर्षीय पाल्जे घले र ६५ वर्षीया डोल्मा तामाङ घलेलाई भदौ १० गतेको भोटेकोशी बाढीले बगाएको थियो । परिवारले शव उठाएर अन्तिम संस्कार गर्ने प्रयास गर्‍यो । प्रहरीले भने मुचुल्का उठाउन बाँकी रहेको भन्दै शव लैजान दिएन ।

बुवाआमाको शव तन्नाले छोपेर तान्जिङ घर फर्किए । पछि शिक्षण अस्पतालमा बुवाआमाको शव ल्याइएको खबर पाए । तर उनी अस्पताल पुग्नुअघि नै प्रहरीले शव व्यवस्थापन गरिसकेको थियो । अन्ततः तान्जिङले आफ्नो संस्कारअनुसार बुवाआमाको दाहसंस्कार गरे ।

परिवारका लागि पाल्जे र डोल्माको मृत्यु भइसकेको छ । तर राज्यको अभिलेखमा उनीहरू अझै बेपत्ता छन् । प्रहरीलाई शवको मुचुल्का उठाउने क्रममा तान्जिङले दिएको विवरण र प्रहरीले राखेको पहिचान नभएका शवको विवरण नमिलेपछि उनले शव बुझेको विवरणसमेत छैन । यही »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# भदौमा ६० हजार बढी नेपाली वैदेशिक रोजगारीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असोज

चालु आर्थिक वर्षको दोस्रो महिना भदौमा ६० हजारभन्दा बढी युवायुवती वैदेशिक रोजगारीमा गएका छन् । संस्थागत, सरकारी, व्यक्तिगत भिसा, पुनः श्रम स्वीकृति र वैधानिकीकरणमार्फत गरी भदौमा ६० हजार ४४ जना वैदेशिक रोजगारीमा गएका छन् ।

त्यसमा संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत ३ हजार १८७ महिलासहित २५ हजार ४१५ जना गएका छन् । व्यक्तिगत श्रम स्वीकृतिमा ९ हजार २२४, जिटुजीका माध्यमबाट ८६६ र पुनः श्रम स्वीकृतिमार्फत २४ हजार ४१५ जना गएका छन् ।

गत वर्षको भदौमा समग्रमा ६७ हजार ९७२ जना वैदेशिक रोजगारीमा गएकोमा म्यानपावर कम्पनीले ३३ हजार १ जना पठाएका थिए । यस वर्ष भदौमा म्यानपावर कम्पनीहरूबाट जानेको संख्या करिब ८ हजारले कम छ ।

बतेस्रोमा कतारमा २ हजार ८४९ जना र चौथोमा कुवेतमा १ हजार ९०५ जना गएका छन् ।

त्यसपछि क्रमशः ओमानमा ७९१ जना, साइप्रसमा ६७६ जना, बहराइनमा २९७ जना, जापानमा १८६ जना, जोर्डनमा ९३ जना, मौरिससमा ५९ जना, श्रीलंकामा १२ जना र माल्दिभ्समा ५ जना संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत गएका छन् ।

सबै प्रक्रियाबाट युएई जानेको संख्या १८ हजार ४७७ रहेको छ । यो संख्या कुल वैदेशिक रोजगारीमा गएकाहरूको संख्याको करिब एक चौथाइ हो ।

साउनमा २ खर्ब १५ अर्ब ५ करोड रुपैयाँ बराबरको रेमिट्यान्स भित्रिएको छ । यो परिमाण गत आवको सोही अवधिको तुलनामा २१.२ प्रतिशतले धेरै हो । गत आवको साउनमा १ खर्ब ७७ अर्ब ४१ करोड रुपैयाँ बराबरको रेमिट्यान्स भित्रिएको थियो ।

## भदौमा धेरै कामदार पठाउनेमा अल स्किल पहिलो, प्याराडाइज दोस्रो र रिलायवल तेस्रो

**काठमाडौं / मस-** भदौमा ५४ म्यानपावर कम्पनीले एक सय जनाभन्दा बढी श्रमिक वैदेशिक रोजगारीमा पठाएका छन् । अल स्किल इन्टरनेसनल ह्युमन रिसोर्स प्रा.लि. ८४५ जना कामदार वैदेशिक रोजगारीमा पठाउँदै सूचीको शीर्ष स्थानमा रहेको छ ।

प्याराडाइज इन्टरनेसनल प्रा.लि. ५१३ जना कामदार पठाउँदै दोस्रो र रिलायवल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि. ३०३ जना कामदार पठाउँदै तेस्रो स्थानमा रहेका छन् ।

**धेरै श्रमिक पठाउने म्यानपावर कम्पनीहरूः** »» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



**१२ जिल्ला...**

जिल्लामा रहेका यी महिला अधिकारीको जिम्मेवारी नागरिकता तथा प्रशासनिक सेवा प्रवाहमा मात्र सीमित छैन । उनीहरूले शान्ति-सुरक्षा, विपद् व्यवस्थापन, निर्वाचन, सरकारी कार्यालयबीचको समन्वय तथा आवश्यक अवस्थामा प्रशासनिक निर्णय गर्ने जिम्मेवारीसमेत सम्हालिरहेका छन् ।

**अनुभवले खारिएको नेतृत्व**

धनकुटाकी सिडिओ रुद्रादेवी शर्मा अनुभवी प्रशासकमध्ये एक हुन् । कास्कीको प्रमुख जिल्ला अधिकारीका रूपमा करिब एक वर्ष काम गरेपछि उनी २०८३ जेठमा धनकुटा सरुवा भएकी हुन् । यसअघि उनले रामेछाप, गुल्मी, भक्तपुर, काभ्रेपलाञ्चोक र बर्दियाको जिल्ला प्रशासनको नेतृत्व सम्हालिसकेकी छन् ।

बागलुङमा जन्मिएकी शर्माले गाउँकै विद्यालयबाट एसएलसी गरेकी हुन् । डाक्टर बन्ने सपना बोकेर पोखरामा आईएससी पढ्दै गर्दा उनी निजामती सेवातर्फ आकर्षित भएकी थिइन् ।

'निजामती सेवाबाट उच्च तहमा पुगिन्छ भन्ने सोचेकै थिएन,' उनी भन्छिन्, 'काम गर्दै जाँदा पेसाप्रति लगाव बढ्यो, आफ्नो जिम्मेवारीप्रति संवेदनशील भएकै कारण यो ठाउँमा पुगें ।' शर्माले शिक्षाशास्त्र र कानुनमा स्नातक तथा ग्रामीण विकासमा स्नातकोत्तर गरेकी छन् । निजामती सेवामा प्रवेश गर्नुअघि उनले १० वर्ष गैरसरकारी संस्थामा काम गरेकी थिइन् । २०६६ सालमा शाखा अधिकृतबाट निजामती सेवामा प्रवेश गरेकी उनी १२ वर्षमै सहसचिव बनेकी हुन् ।

दोलखाकी सिडिओ रेखा कँडेलले गत भदौ ३१ गतेदेखि जिल्लाको प्रशासनिक नेतृत्व सम्हालेकी छन् । दोलखा आउनुअघि उनी खोटाङकी सिडिओ थिइन्। केन्द्रमा उनले राष्ट्रिय महिला आयोगकी सचिव तथा मुद्रण विभागकी महानिर्देशकको जिम्मेवारीसमेत सम्हालिसकेकी छन् ।

सिन्धुलीकी सिडिओ स्किम श्रेष्ठले करिब १० महिनादेखि जिल्लाको नेतृत्व गरिरहेकी छन् । गत कात्तिक १७ गतेदेखि जिम्मेवारी सम्हालेकी श्रेष्ठ यसअघि मकवानपुरकी प्रमुख जिल्ला अधिकारी थिइन् । मकवानपुरमा रहँदा उनी जिल्लाकै पहिलो महिला सिडिओ बनेकी थिइन् । जेनजी आन्दोलनका क्रममा पनि उनले जिल्लाको शान्ति-सुरक्षा तथा प्रशासनिक व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गरेकी थिइन् । रामेछापकी सिडिओ बिनु बज्राचार्य कुँवरले गत असार १० गतेदेखि जिम्मेवारी सम्हालिरहेकी छन् । रामेछाप आउनुअघि उनी पाल्पाकी प्रमुख जिल्ला अधिकारी थिइन्। पाल्पामा रहँदा उनी जिल्लाकै पहिलो महिला सिडिओ बनेकी थिइन् ।

**निर्वाचनदेखि विपद्सम्म**

जिल्ला प्रशासनमा महिला नेतृत्वको उपस्थिति शान्ति-सुरक्षामा मात्र सीमित छैन । निर्वाचन व्यवस्थापनमा पनि उनीहरूको भूमिका देखिएको छ ।

तेह्रथुमकी सिडिओ वन्दना राईले गत पुस १५ गतेदेखि जिल्लाको प्रशासनिक नेतृत्व सम्हालिरहेकी छन् । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचन तेह्रथुममा शान्तिपूर्ण रूपमा सम्पन्न गराउन उनले सुरक्षा व्यवस्थापन तथा समन्वयमा भूमिका निर्वाह गरेकी थिइन् । सिडिओ बन्नुअघि उनी गृह मन्त्रालयको सीमा तथा अध्यागमन प्रशासन शाखा प्रमुख थिइन् ।

मुस्ताङकी सिडिओ अजिता शर्माले गत मंसिर ३ गतेदेखि जिल्लाको प्रशासनिक नेतृत्व सम्हालिरहेकी छन् । उनले पनि प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराउन सुरक्षा व्यवस्थापन र सम्बन्धित निकायबीच समन्वय गरेकी थिइन् ।

डोल्पाकी सिडिओ जुनु हमाल ढकालले पनि निर्वाचनका क्रममा प्रशासनिक तथा सुरक्षा समन्वय गरेकी थिइन् । गत माघ २ गतेदेखि जिल्लाको नेतृत्व सम्हालिरहेकी हमालले यसअघि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र गृह मन्त्रालयमा लामो समय काम गरेकी छन् । डोटीकी सिडिओ कल्पना घिमिरेले गत मंसिर १ गतेदेखि जिल्लाको प्रशासनिक नेतृत्व सम्हालिरहेकी छन् । उनको नेतृत्वमा गत फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचन डोटीमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । उनी डोटीको दोस्रो महिला सिडिओ हुन्। यसअघि कल्पना श्रेष्ठ २०७९ देखि २०८० सम्म जिल्लाको पहिलो महिला सिडिओ बनेकी थिइन् ।

सल्यानकी सिडिओ वन्दनाकुमारी केसीले भदौ २४ गतेदेखि जिम्मेवारी सम्हालेकी हुन् । जिल्लाको प्रशासनिक नेतृत्वमा आउनुअघि उनी गृह मन्त्रालयको मानव अधिकार प्रवर्द्धन शाखा प्रमुख थिइन् । जिम्मेवारी सम्हालेको छोटो समयमै उनले हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन भूमिका निर्वाह गरेकी छन् ।

बैतडीकी सिडिओ मिना अर्याल जिल्लाको प्रशासनिक इतिहासमा पहिलो महिला सिडिओ हुन् । उनले यसअघि अर्घाखाँची, डडेलधुरा र तेह्रथुमको सिडिओका रूपमा काम गरिसकेकी छन् । सिडिओ बन्नुअघि उनी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागकी निर्देशक थिइन् ।

रुकुम पूर्वमा पनि महिला प्रशासनिक नेतृत्वले निरन्तरता पाएको छ । कोपिला राईले गत असार २६ गतेदेखि जिल्लाको नेतृत्व सम्हालेकी छन् । उनी यसअघि उदयपुरको कटारी इलाका प्रशासन कार्यालयकी प्रमुख थिइन् । उनीअघि दलित महिलाबाट पहिलो सिडिओ बनेकी सीता परियारले रुकुम पूर्वको प्रशासनिक नेतृत्व सम्हालेकी थिइन् ।

**संविधानले सुनिश्चित गरेको सहभागिता**

राज्यका निकायमा महिलाको सहभागिता बढ्नुमा संवैधानिक व्यवस्थाको पनि महत्वपूर्ण भूमिका छ । नेपालको संविधानको धारा ३८(४) ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक सुनिश्चित गरेको छ । त्यस्तै, धारा ४२ ले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका विभिन्न समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक दिएको छ ।

जिल्ला प्रशासनमा अहिले देखिएको महिला नेतृत्व यही संवैधानिक व्यवस्थासँग जोडिएको ठूलो प्रशासनिक परिवर्तनको एउटा उदाहरण हो । केही वर्षअघिसम्म अपवादका रूपमा देखिने महिला सिडिओ अहिले विभिन्न भूगोल र फरक प्रकृतिका जिल्लाको प्रशासनिक नेतृत्वमा देखिन थालेका छन् ।

महिला नेतृत्वको उपस्थिति जिल्ला प्रशासनमा मात्र सीमित छैन । मन्त्रालय, विभाग तथा अन्य सरकारी निकायमा पनि महिलाको नेतृत्व बढ्दै गएको छ । तर प्रशासनिक नेतृत्वमा संख्या बढ्नुका साथै उनीहरूले सम्हालिरहेका जिम्मेवारीको प्रकृति पनि महत्वपूर्ण छ। विपद्, निर्वाचन, सुरक्षा र सार्वजनिक सेवा प्रवाहजस्ता संवेदनशील विषयमा महिलाको नेतृत्व नियमित बन्दै गएको छ ।

**पहिलो...**

बन्नेसम्मको यात्रा पनि सहज थिएन । सानै उमेरमा विवाह भएकी उनले विवाहपछि म्याट्रिक उत्तीर्ण गरेकी थिइन् । एसएलसीपछि उनका श्रीमान्‌को डुंगा दुर्घटनामा निधन भयो । कठिन परिस्थितिका बाबजुद उनले बनारसबाट आईए र बनारस हिन्दु विश्वविद्यालयबाट बीए पूरा गरिन् । पछि छात्रवृत्तिमा पटना विश्वविद्यालयबाट एमए गरिन् ।

नेपाल फर्किएपछि उनले त्रि-चन्द्र र रत्नराज्य कलेजमा अध्यापन गरिन् । केही समयपछि धनकुटास्थित महिला प्रशिक्षण केन्द्रको प्रमुखका रूपमा काम गरिन् ।

२०४६ सालको अन्त्यतिर भक्तपुरको प्रमुख जिल्ला अधिकारीका रूपमा कार्यभार सम्हाल्दै उनले नेपालकै पहिलो महिला सिडिओ बन्ने इतिहास रचिन् । त्यसपछि उनले बाँके, ललितपुर, सोलुखुम्बु, मुस्ताङ र पर्साको प्रमुख जिल्ला अधिकारीका रूपमा काम गरिन्। २०५४ सालमा उनी काठमाडौंको प्रमुख जिल्ला अधिकारी बनिन् ।

काठमाडौंको सिडिओ बन्नुअघि लामो समय उनलाई अतिरिक्त समूहमा राखिएको थियो । प्रथम श्रेणीको अधिकृत भएर पनि करिब नौ महिनासम्म जिम्मेवारीविहीन बस्नुपरेको उनको अनुभव थियो । त्यसपछि काठमाडौंको प्रशासनिक नेतृत्व सम्हाल्नु उनका लागि महत्वपूर्ण जिम्मेवारी बन्यो । उनले काठमाडौं उपत्यकाका तीनै जिल्ला काठमाडौं, भक्तपुर र ललितपुरमा प्रमुख जिल्ला अधिकारी भएर काम गर्ने अवसर पाइन् ।

उषा नेपालले चार दशकअघि सुरु गरेको महिला सिडिओको यात्रा अहिले १२ जिल्लासम्म पुगेको छ । संख्या अझै कुल जिल्लाको तुलनामा सानो भए पनि जिल्ला प्रशासनको नेतृत्वमा महिलाको उपस्थिति अब अपवाद भने छैन । शान्ति-सुरक्षादेखि विपद् र निर्वाचनसम्मका जिम्मेवारी सम्हाल्दै महिला अधिकारीहरू प्रशासनिक नेतृत्वको नियमित हिस्सा बन्दै गएका छन् ।

**पूर्ण...**

पनि १० वर्षमा परिवर्तित अवस्था र आवश्यकताअनुसार संशोधन गर्नुपर्ने संविधानका अन्तर्वस्तुका बारेमा कुनै बहस चलाइएको छैन । संविधानविद्‌हरूले संविधान परिमार्जनको आवश्यकता औंल्याएका छन् । नयाँ-पुराना सबै राजनीतिक दलले समेत चालु संविधान संशोधनको पक्षमा रहे पनि संविधान संशोधनका अन्तर्वस्तुका बारेमा सरकार र दलहरूले बहस प्रारम्भ गरेका छैनन् ।

सरकारले संविधानले नचिनेका प्रधानमन्त्रीका राजनीतिक सल्लाहकारको नेतृत्वमा संविधान संशोधन कार्यदल बनाएको थियो । उक्त कार्यदलले सबै राजनीतिक दललाई समेट्न सकेन । कार्यदलका संयोजक असीम साहले प्रतिनिधिसभामा रहेका राजनीतिक दलहरूको संलग्नताबिनै सरकारलाई एकलौटी सुझाव पेस गरेका छन् ।

संविधान संशोधनजस्तो विषय राजनीतिक दल र सरोकारवालाहरूको साझा सहमतिमा गर्नुपर्ने भए पनि वर्तमान रास्वपा नेतृत्वको सरकारले एकलौटी गर्न खोज्दा संविधान संशोधनको गुञ्जायस कम भएको विज्ञहरू बताउँछन् । संविधान असंशोधनीय दस्तावेज नभएकाले समयानुकूल संशोधन हुनुपर्ने संविधानविद् वरिष्ठ अधिवक्ता ठाकुरराम आचार्यले बताए । २०४७ को संविधान संशोधन नभएकै कारण खारेजी भएको उनको दाबी छ ।

प्रारम्भमै निश्चित अवधिभित्र कार्यान्वयन गरिसक्ने भनेर संविधानमै अवधि तोकिनु गलत भएको आचार्यको भनाई छ। 'समय सापेक्ष संविधान संशोधन हुनुपर्छ,' आचार्यले मध्यान्हसँग भने, 'समयको माग र आवश्यकताअनुसार संविधान संशोधन भएन भने फेरि २०४७ को संविधानजस्तै खारेजी हुन सक्छ । तर संशोधनका नाममा संविधानको स्पिरिडलाई छाड्न हुँदैन ।'

भारतको संविधान पटक-पटक संशोधन भएकै कारण लामो समयसम्म जीवित रहेको संविधानविद् आचार्यले बताए । 'संविधान संशोधनका लागि सरकारले सर्वदलीय संयन्त्र बनाउनुपर्थ्यो, संविधानको स्पिरिडलाई मर्न नदिई सर्वस्वीकार्य बनाउन एकपक्षीय रूपमा सम्भव छैन', सरकारले एकपक्षीय रूपमा संविधान परिमार्जन गर्न खोज्दा ढिला भएको उनको तर्क छ ।

संविधानको मर्मअनुसार राजनीतिक अधिकारहरू बाँडफाँट भएर तीनवटै तहमा निर्वाचित जनप्रतिनिधिले काम गरिरहेका छन् । यद्यपि आवश्यक कानुन बनाएर अधिकार विकेन्द्रित गर्ने काम भने अझै बाँकी छ । संविधानको स्पिरडअनुसार आवश्यक ऐन-कानुन बन्न नसक्दा संविधान कार्यान्वयनमाथि प्रश्न उठेका छन् ।

संघीयता, समानुपातिक समावेशिता, धर्मनिरपेक्षता, लोकतान्त्रिक शासन व्यवस्था र संसद्‌बाट सरकार बनाउने व्यवस्था चालु संविधानको विशेषता हो । तर संविधान निर्माणमा मुख्य भूमिका रहेका राजनीतिक दलहरूकै कमजोरीका कारण संविधानको आत्मामाथि प्रहार भइरहेको छ ।

संविधानविद् चन्द्रकान्त ज्ञवालीको टिप्पणी छ ।

'संघीयताको मर्मअनुसार प्रदेश र स्थानीय सरकारले पाउने अधिकारलाई विगतदेखि नै संघीय सरकारले मुट्ठीमा राखेको छ,' ज्ञवालीले मध्यान्हसँग भने, 'संविधानसभाबाट संविधान निर्माण गर्ने राजनीतिक दलहरूले नै संविधान उल्लंघन गर्दै आए । प्रदेश सरकारलाई उनीहरूले केन्द्रबाटै लगाम लगाउँदै आए, प्रदेशका एकल तथा साझा अधिकारका सवालमा संघीय सरकारले हस्तक्षेप गर्दै आयो । स्थानीय सरकारले समेत अधिकार पाएका छैनन् ।'संविधानअनुसार नागरिकका हक-अधिकार केन्द्रबाटै कब्जा गर्ने नीतिले संविधान कार्यान्वयनमाथि प्रश्न उठिरहेको उनको भनाइ छ । 'संविधान फाल्छौं' भन्ने शक्ति राज्यसत्ताको केन्द्रमा रहँदा संविधान निर्माण र संरक्षणमा भूमिका खेलेका पुराना राजनीतिक दलहरू सत्ताबाहिर छन् । संविधान संशोधनका विषयमा उनीहरूले उठाउँदै आएको प्रमुख विषय निर्वाचन प्रणाली हो । यही निर्वाचन प्रणालीबाट कसैको बहुमत नआउने व्याख्या गर्दै आएका पुराना दलहरूलाई गत निर्वाचन परिणामले झापड लगाएको छ ।

राजनीतिक दलहरूले नागरिकलाई सन्तुष्ट बनाउन सकेमा बहुमत मात्रै होइन, यही व्यवस्थामा दुईतिहाइ बहुमत प्राप्त गर्न सकिने प्रमाणित भएको छ । यसले मिश्रित निर्वाचन प्रणाली संशोधनको आवश्यकता हो कि होइन भन्ने विषयमा नयाँ बहस सुरु भएको छ । त्यस्तै धर्मनिरपेक्षता कायम रहेको वर्तमान संविधानको बुँदा संशोधनको माग गर्नेहरूको संख्या समेत बढ्दो छ ।

संविधान कार्यान्वयन हुने अवधि तोकेर व्याख्या नै गर्नु हुँदैनथ्यो । दलित, सीमान्तकृत वर्गको अधिकार पूर्ण कार्यान्वयनमा नआएकोप्रति असन्तुष्टि व्यक्त भइरहेको छ । मूलतः संविधानअनुसार कानुन निर्माण गरेर तल्लो तहमा दिइनुपर्ने अधिकार प्रत्यायोजन हुन नसकेको विषयमा प्रदेश र स्थानीय तह असन्तुष्ट छन् । कर्मचारीतन्त्र, राजनीतिक नेतृत्व, न्यायपालिका र विभिन्न संरचना अझै एकात्मक सोचका साथ चलेको राजनीतिक दलका नेताहरूले समेत स्वीकार गरेका छन् ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता वर्षमान पुनले संविधानमा भएका व्यवस्था र मर्म कार्यान्वयन हुन बाँकी रहेको बताए । संघीयताको मर्मविपरीत ब्युरोक्रेसी, राजनीतिक नेतृत्व, न्यायपालिका र विभिन्न संरचना अझै एकात्मक सोचका साथ चलिरहेको उनले टिप्पणी गरे।

'संविधानअनुसार संघीयता कार्यान्वयनमा आएको दशक हुन थाल्यो,' नेता पुनले भने, 'तर अझै पनि सबै शक्ति काठमाडौं केन्द्रित गरिएको छ । त्यो अधिकारहरू विकेन्द्रित भएर प्रत्यायोजित भएर जाँदा स्वीकार गर्न समय लाग्दो रहेछ। अभ्यासमा, जीवन व्यवहारमा बल्ल स्वीकार्दै आए पनि पूर्णरूपमा कार्यान्वयन भइसकेको अवस्था छैन ।' संविधान आफैंमा जीवन व्यवहारमा उत्रिन समय लाग्ने उनले बताए । कानुन निर्माणमै धेरै खिचातानी हुँदा समस्या अझै बाँकी रहेको उनको भनाइ छ । एकैसाथ स्थानीय तह र प्रदेशमा संघीय कार्यालयहरू हस्तान्तरण गरिएको शिक्षा, कृषि लगायत कतिपय कार्यालयहरूको नाम फेरेर फेरि संघीय सरकार मातहत नै राख्ने कामसमेत भएको पुनले बताए ।

नेपाल प्रहरीसम्बन्धी, संघीय प्रदेश प्रहरीसम्बन्धी तथा प्रहरी समायोजनसम्बन्धी कानुन २०७६ सालतिरै बनेको थियो। तर यसबीचमा दर्जनपटक सरकार फेरिए पनि कसैले अधिकार हस्तान्तरण गर्न नचाहँदा संविधान कार्यान्वयनमाथि प्रश्न उठेको हो ।

संविधान सर्वस्वीकार्य बनाउने विषयमा सरोकारवालाहरूबीच व्यापक बहस हुनुपर्नेमा त्यसो हुन नसकेको संविधानविद् यदुनाथ खनालले बताए ।

'वर्तमान संविधान पूर्ण छैन,' उनले भने, 'यसलाई अझ सर्वस्वीकार्य बनाउन कुन-कुन विषय संशोधन गर्ने भन्ने विषयमा प्रस्ट हुन जरुरी छ ।' सरकारले आफ्नो मनोगत रूपमा संविधानले नै नचिनेका कोही व्यक्तिको नाममा बनाएको कार्यदलले संविधान संशोधनको विषयलाई टुंगोमा पुऱ्याउन नसक्ने उनले बताए ।

प्रतिनिधिसभाले २०८३ जेठ १७ गते पारित गरेको नियमावलीको नियम १४० (११) मा संविधान संशोधन एवं प्रमाणीकरणसम्बन्धी कार्यविधि कार्यान्वयन नगर्न सर्वोच्च अदालतको संवैधानिक इजलासले अन्तरिम आदेश जारी गरेको छ । सर्वोच्चको आदेशपछि संविधान संशोधन गर्न दुई सदनले अलग-अलग नै दुईतिहाइ बहुमत पुऱ्याउनुपर्ने भएको छ । दुई सदनको संयुक्त बैठकबाट दुईतिहाइ पुऱ्याएर संविधान संशोधन हुन सक्नेछैन। यो आदेशले संविधान संशोधनमा राष्ट्रिय सभाको अनिवार्यतालाई पुनर्स्थापित गरेको हो ।

**परिवारले...**

कारण उनले बुवाआमाको बाढीका कारण मृत्यु भएको प्रमाणपत्र बनाउन सकेका छैनन् । 'बुवा आमाको शव मैले देखेको हुँ, मसँग बाढीले बगाएको भनेर प्रमाण पत्र गराउन कानुन दिदैंन,' उनले भने ।

यही पीडा अहिले तान्जिङको परिवारमा मात्र सीमित छैन । भोटेकोशी बाढीमा आफन्त बेपत्ता भएका हजारौं परिवारको अवस्था उस्तै छ । कसैले आफन्तको शव देखेका छन्, कसैले शव भेट्टाउन सकेका छैनन् । शव नभेटिएपछि धेरैले कुशको शव बनाएर धार्मिक संस्कारअनुसार काजकिरियासमेत गरिसकेका छन् । परिवारले मृत्यु स्वीकारेका छन् । संस्कार पूरा गरिसकेका छन् । तर राज्यको कागजमा उनीहरू अझै 'बेपत्ता' छन् । यसको असर अहिले राहतमा मात्र परेको छैन । बैंकमा रहेको रकम, कर्जा, जग्गा नामसारी, पेन्सन, बिमा दाबी र अन्य कानुनी प्रक्रियामा समेत परिवार अल्झिएका छन् ।

**राज्यको अभिलेखमा बेपत्ता**

भदौ १० गते रसुवामा आएको बाढीबाट ६ हजार १ सय ४५ जना बेपत्ता भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांकमा छ । १ हजार ४ सय १० शव फेला परेका छन्। त्यस मध्य एक सय पाँचको मात्रै पहिचान भएको छ । शव नभेटिएका अधिकांश परिवारले कुशको शव बनाएर धार्मिक संस्कारअनुसार काजकिरिया गरेका छन् । तर कानुनी रूपमा मृत्यु पुष्टि नभएका कारण स्थानीय तहले उनीहरूको मृत्यु दर्ता गर्न सकेको छैन ।

उत्तरगया गाउँपालिका वडा नं. १ का वडाध्यक्ष मारसी तामाङका अनुसार काजकिरिया खर्चका लागि गाउँपालिकाको खातामा रकम आए पनि बेपत्ताका परिवारलाई उक्त रकम उपलब्ध गराउन कानुनी समस्या छ । 'सबै भन्दा बढी प्रभावित भएको वडा हो,' उनले भने, 'सरकारले काजकिरिया खर्चका लागि गाउँपालिकाको खातामा रकम पठाएको भए पनि बेपत्ताका परिवारलाई उक्त रकम उपलब्ध गराउन कानुनी समस्या छ ।'

बेपत्ता व्यक्तिको शव फेला नपरेसम्म र पहिचान तथा मुचुल्कालगायतका प्रक्रिया पूरा नभएसम्म कानुनी रूपमा मृत्यु दर्ता गर्न कठिन हुने उनले बताए । परिवारले धार्मिक तथा सामाजिक रूपमा मृत्यु स्वीकार गरेर काजकिरिया गरिसके पनि राज्यको अभिलेखमा उनीहरू अझै बेपत्ताकै सूचीमा छन् ।

१२ वर्षको कानुनी पर्खाइ

नेपालको मुलुकी देवानी संहिता, २०७४ को दफा ४० मा बेपत्ता व्यक्तिलाई मृत घोषित गर्न सकिने अवस्थाबारे व्यवस्था छ । उक्त व्यवस्थाअनुसार, कुनै व्यक्ति लगातार १२ वर्षसम्म बेपत्ता भएमा वा निजको अवस्थाबारे जानकारी राख्न सक्ने व्यक्तिलाई १२ वर्षसम्म कुनै जानकारी नभएमा, जीवित रहेको प्रमाण नपाइएसम्म मृत मान्न सकिने उल्लेख छ । निश्चित परिस्थितिमा भने छोटो अवधिको व्यवस्था पनि छ । तर बाढीपहिरोजस्तो विपद्मा ठूलो संख्यामा मानिस बेपत्ता हुँदा यही कानुनी व्यवस्थाले तत्काल समस्या सिर्जना गरेको छ ।

मृत्यु दर्ता नहुँदा पीडित परिवारले राहत तथा क्षतिपूर्ति लिन, सम्पत्ति नामसारी गर्न, पेन्सन सुविधा प्राप्त गर्न र बिमा दाबी गर्न कठिनाइ भोगिरहेका छन् । रसुवा र नुवाकोटका स्थानीय तहले कानुनी अड्चन फुकाउन माग गरिरहेका छन् । बाढी प्रभावित रसुवाका स्थानीय तहका प्रतिनिधिले प्रधानमन्त्री बालेन्द्र शाहसँगको भेटमा बेपत्ता व्यक्तिको मृत्यु दर्ता गर्न कानुनी र प्रशासनिक प्रक्रिया बाधक बनेको बताएका थिए । उनीहरूले मन्त्रिपरिषद्‌बाट तत्काल निर्णय गर्न वा कानुन संशोधन गर्न माग गरेका छन् ।

उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्यालले विद्यमान कानुनी व्यवस्थाका कारण स्थानीय सरकारले आफैं निर्णय गर्न नसकेको बताउँछन् । 'हामीले सामूहिक निर्णय गरेर गृह मन्त्रालयमा पत्र पठाइसकेका छौं', उनले भने ।

पीडितका गुनासोपछि रसुवा, नुवाकोट, धादिङलगायत प्रभावित जिल्लाका स्थानीय तह, प्रमुख जिल्ला अधिकारी, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकायका प्रमुख र जिल्ला समन्वय समितिका प्रतिनिधिको संयुक्त बैठकले समस्या समाधानका लागि सरकारलाई औपचारिक आग्रह गर्ने निर्णय गरेको थियो ।

**'कानुनी गाँठो फुकाउने छलफलमै छौं'**

समस्या स्थानीय तह हुँदै गृह मन्त्रालयसम्म पुगेको छ । परिवारले अन्तिम संस्कार गरिसकेका छन्। तर उनीहरूका आफन्तको मृत्यु अझै राज्यको अभिलेखमा स्थापित हुन सकेको छैन ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बाढी प्रभावित स्थानीय तहबाट आएको गुनासोमाथी छलफल भइरहेको बता । 'बेपत्ता भएका नागरिकको मृत्यु पहिचान तथा मान्यतासम्बन्धी कानुनी विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागलाई सहज बनाउनको लागि निदेर्शन दिएका छौं,' उनले भने, 'कानुनी गाँठो फकाउनको लागि उहाँहरुले तयारी गरिरहनु भएको छ, अहिले नै भन्न सकिदैन् ।'

कानुनमा के कस्तो संसोधन गर्न सकिन्छ छलफलपछि जानकारी गराउने उनले बताए । प्रधानमन्त्री, गृहमन्त्री र सरकार यो विषयमा गम्भीर रहेको उल्लेख गर्दै काफ्लेले केही दिनभित्र निर्णय हुने बताए ।

**संसद्‌मा पनि उठ्यो मृत्यु दर्ताको प्रश्न**

रसुवामा आएको बाढीमा परी बेपत्ता भएकाको मृत्यु दर्ताको प्रक्रिया सहज बनाउनुपर्ने माग संसद्‌मा पनि उठेको छ । राजनीतिक दलका सांसदहरूले विपद्मा बेपत्ता भएकाको मृत्यु दर्ताका लागि 'मुलुकी देवानी संहिता' मा आवश्यक संशोधन गर्नुपर्ने बताएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद भरत पराजुलीले बेपत्ता व्यक्तिको परिवारले बिमा दावी गर्न निकै सास्ती भोग्नुपरेको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बैठकमा उनले प्राकृतिक विपत्तिमा परी बेपत्ता भएकाहरूको 'मृत्यु दर्ता' प्रक्रिया झन्झटिलो हुँदा पीडित परिवारले बिमाको रकमसमेत पाउन नसक्ने अवस्था सिर्जना भएको बताए । 'बाढीले घरपरिवार नै बगाएकाले सम्पत्तिको हकदार को हो भन्ने अन्योल त छँदै छ, त्यसभन्दा बढी चिन्ता मृत्यु दर्ताको छ,' उनले भने ।

उनका अनुसार बिमा कम्पनीहरूले क्षतिपूर्ति दाबी गर्नका लागि मृत्यु भएको आधिकारिक प्रमाण (मृत्यु दर्ता) अनिवार्य रूपमा माग्ने गर्छन् । तर बाढीले बगाएर शव नै फेला नपरेका अवस्थामा कानुनी रूपमा मृत्यु प्रमाणित गर्न निकै लामो र जटिल प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । पराजुलीले भने, 'शव नभेटिएका बेपत्ताहरूको हकमा सरकारले मृत्यु भएको प्रमाणित गरिदिने प्रक्रिया अत्यन्तै ढिलो छ । यस्तो संवेदनशील अवस्थामा कानुनले पीडितलाई न्याय दिन सक्नुपर्छ ।'

उनले यो समस्या समाधानका लागि 'मुलुकी देवानी संहिता' मा आवश्यक संशोधन गरी बेपत्ताहरूको मृत्यु दर्ताको बाटो छिटो र सरल बनाउन सरकारसँग जोडदार माग गरेका छन् । त्यस्तै रास्वपाकै सांसद शोभा खनालले आफन्त गुमाएका र बेपत्ता रहेका परिवारको भावनाको पीडा हुँदाहुदैं पनि राहत, पुनःस्थापना र काजकिरियाका लागि आवश्यक कानुनी प्रक्रियाले उनीहरूको पीडा झन बढाएको बताएकी छन् । 'आज कि भोलि भन्दै सास कि लासको प्रतिक्षामा रहेका परिवारलाई कानुनले अझै १२ वर्ष कुर्नुपर्ने अवस्था सिर्जना हुनु अत्यन्त संवेदनशील विषय हो,' उनले भनिन् ।

मुलुकी देवा संहिता २०७४ को दफा ४० मा लगातार १२ वर्षसम्म कुनै सूचना नभएको व्यक्तिलाई मृत्यु भएको मान्न सकिने व्यवस्था छ । तर विपद् जस्तो असाधारण परिस्थितिमा यस्तो कानुनी व्यवस्थाले पीडित परिवारलाई तत्काल राज्यबाट पाउनुपर्ने राहत र संरक्षणमा बाधा सिर्जना हुने सांसद खनालले बताइन् । बाढीले तान्जिङका बुवाआमा लग्यो। परिवारले संस्कार पूरा गरिसक्यो । उनीहरूका लागि अब प्रतीक्षा गर्नुपर्ने केही छैन । तर राज्यको कागजमा भने उनीहरूको मृत्यु लेखिन बाँकी छ ।

**भदौमा धेरै...**

अल स्किल इन्टरनेसनल ह्युमन रिसोर्स प्रा.लि.- ८४५
प्याराडाइज इन्टरनेसनल प्रा.लि.- ५१३
रिलायवल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- ३०३
ब्रदर्स इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा.लि.- २८४
मोन्टेज ओभरसिज प्रा.लि.- २६१
साउन्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- २०८
भिजन एन्ड भ्यालु ओभरसिज प्रा.लि.- २०८
आकर्षण इन्टरनेसनल प्रा.लि.- २०७
वाहा म्यानपावर सप्लायर प्रा.लि.- १९९
पर्फेक्ट रिक्रुइटिङ सर्भिस प्रा.लि.- १८५
सेरोन म्यानपावर सर्भिस प्रा.लि.- १८३
इन्टरपिड रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि.- १८२
अर्थ स्मार्ट ह्युमन रिसोर्सेस नेपाल प्रा.लि.- १८२
मोभिरा रिक्रुटमेन्ट कन्सल्टेन्सी सर्भिसेस प्रा.लि.- १८०
इन्डो अरब म्यानपावर प्रा.लि.- १७४
विन रिक्रुटमेन्ट प्रा.लि.- १७०
एसओएस म्यानपावर सर्भिस प्रा.लि.- १६०
मास ह्युमन रिसोर्स प्रा.लि.- १५८
नीलकमल ह्युमन रिसोर्स प्रा.लि.- १५७
अक्सफोर्ड इन्टरनेसनल प्रा.लि.- १४६
शिवाकोटी म्यानपावर सर्भिस प्रा.लि.- १४१
लक्ष्मी रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १४१
वर्ल्ड नेट रिक्रुटमेन्ट कन्सल्टेन्ट प्रा.लि.- १३९
सिगल इन्टरनेसनल ग्लोबल एचआर कन्सल्टेन्ट्स प्रा.लि.- १३४
मदरल्यान्ड ओभरसिज प्रा.लि.- १३०
लुलु इन्टरनेसनल प्रा.लि.- १२८
सन लाइट ह्युमन रिसोर्स प्रा.लि.- १२५
होप इन्टरनेसनल प्रा.लि.- १२५
लिडर ओभरसिज प्रा.लि.- १२५
स्किल्स ग्रुप एचआर रिक्रुटमेन्ट प्रा.लि.- १२४
आर.के. एचआर सोलुसन प्रा.लि.- १२४
डिके रिभर ओभरसिज प्रा.लि.- १२४
ग्रेट नेपाल एचआर प्रा.लि.- १२३
थिंक बिज इन्टरनेसनल प्रा.लि.- १२०
इम्पावर हन्टर एचआर सोलुसन प्रा.लि.- ११८
ट्रेन्डवे इन्टरनेसनल प्रा.लि.- ११८
सान नेपाल प्रा.लि.- ११७
योभान्ट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- ११७
फजल इन्टरनेसनल प्रा.लि.- ११७
ब्रदर रिक्रुटमेन्ट प्रा.लि.- ११५
स्काइ ओभरसिज सर्भिसेस प्रा.लि.- ११२
राज ग्रुप अफ कम्पनी प्रा.लि.- १११
द रिभर ओभरसिज प्रा.लि.- १११
स्तुपा ओभरसिज सर्भिस प्रा.लि.- ११०
काबेली ह्युमन रिसोर्स प्रा.लि.- १०६
आइडियल इन्टरनेसनल रिक्रुटमेन्ट प्रा.लि.- १०५
रोयल इन्टरनेसनल ओभरसिज प्रा.लि.- १०५
एम्स ओभरसिज प्रा.लि.- १०५
कन्फिडेन्ट इन्टरनेसनल म्यानपावर प्रा.लि.- १०४
एड्भान्स म्यानेजमेन्ट कन्सल्टेन्ट्स प्रा.लि.- १०४
एयर किंग्स प्लेसमेन्ट प्रा.लि.- १०१
एचएमटी ओभरसिज प्रा.लि.- १०१
न्यु लाइट इन्टरनेसनल प्रा.लि.- १०१

**जनहितमा जारी सन्देश**

- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्र कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

शे-फोक्सुण्डो गाउँपालिका
ཤེལ་ཕུག་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

**जनहितमा जारी सन्देश**

- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्र कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

बागमती गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर, बागमती प्रदेश, नेपाल

**Kerabari Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Kerabari Morang, Koshi Provience Nepal**

**Invitation for Bids**

**Date of Publication: 2083/06/02**

1. Kerabari Rural Municipality invites bids (Hard Copy) from Nepalese eligible bidders for the Work.
2. A complete set of Bidding Documents may be purchased from Kerabari Rural Municipality by eligible Bidders with necessary document.
   Name of the Bank: NIC Asia Bank.Name of Office: Kerabari Rural Municipality Rajaswa Sirshak No:14229
   Office Code No: 801011312
   Account no.: 0562056501423002 (for Bid Document Fee) Ga.1.1.Antarik Rajaswa Khata, Kerabari Gaupalika.
   Account no.:0562056501423008 (for Bid Security for Cash Deposit) Ga.3.Sthaniya Taha Dharauti Khata Kerabari Gaupalika.
3. The Pre-bid meeting will be held on 2083/06/12 BS .

| S N | Contract ID | Name of Contract | Esitmated Amount (Including VAT and PS) | Bid Security | Bid Document Purchase Date | Bid Submission & Open Date | Procurement Type |
|---|---|---|---|---|---|---|---|
| 1 | KRMC/MOR/ W/ NCB-04 (2083/084) | Ujelo Kerabari Abhiyan | NRs.31,17,606.87 | NRs. 75,000.00 | 2083/06/22 BS during office hours | 2083/06/23 BS 12:00 hours & 13:00 hours | Hard Copy |

**Chief Administrative Officer**

# ११ महिनापछि १३ देशमा राजदूत सिफारिस

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असोज



सरकारले ११ महिनादेखि रिक्त रहेका १३ देशका नेपाली राजदूत नियुक्तिको प्रक्रिया अघि बढाएको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले भारत, चीन, अमेरिका, बेलायतलगायत १३ देशका लागि राजदूतको नाम सिफारिस गरेको हो । अब संसदीय सुनुवाइ र सम्बन्धित मुलुकबाट एग्रिमो प्राप्त भएपछि राष्ट्रपतिले राजदूत नियुक्त गर्नेछन् ।

भारतका लागि सेन्टर फर साउथ एसियन स्टडिजका निर्देशक तथा परराष्ट्र मामिलाका प्राज्ञिक निश्चलनाथ पाण्डे सिफारिस भएका छन् । चीनका लागि नेपाल-चीन सम्बन्धका जानकार, सिनोलोजिस्ट तथा अर्थशास्त्री कल्याणराज शर्मा र अमेरिकाका लागि राष्ट्रिय सुरक्षा तथा अन्तर्राष्ट्रिय मामिला विज्ञ चिरनजंग थापा सिफारिस भएका छन् ।

पूर्वप्रधानसेनापति गौरव शमशेर जंगबहादुर राणालाई बेलायतका लागि राजदूत सिफारिस गरिएको छ । राणाले नेपाली सेनामा चार दशकभन्दा बढी सेवा गर्दै तीन वर्ष प्रधानसेनापतिको जिम्मेवारी सम्हालेका थिए ।

जापानका लागि नेपाल-जापान सम्बन्धका जानकार जिग्यानकुमार थापा सिफारिस भएका छन् । उनी दुई दशकभन्दा बढी समयदेखि जापानमा अन्तर्राष्ट्रिय सहकार्य, सार्वजनिक नीति र नेपाल-जापान सम्बन्धका क्षेत्रमा सक्रिय छन् । इजरायलका लागि सूचना प्रविधि, बैंकिङ तथा आर्थिक नीति क्षेत्रमा तीन दशकभन्दा बढी अनुभव भएका सुरेशकुमार कर्ण सिफारिस भएका छन् । उनी नेपाल बैंक र कुमारी बैंकको नेतृत्व तहमा काम गर्नुका साथै क्यान महासंघका पूर्वअध्यक्ष हुन् ।

स्पेनका लागि अन्तर्राष्ट्रिय विकास तथा साझेदारी क्षेत्रमा १५ वर्षभन्दा बढी अनुभव भएकी प्राप्ति शेरचन सिफारिस भएकी छन् । उनी विश्व बैंक समूहअन्तर्गत इन्टरनेसनल फाइनान्स कर्पोरेसनमा कार्यरत छिन् । जर्मनीका लागि आप्रवासन, वैदेशिक रोजगार सुशासन तथा लैंगिक समानताकी विज्ञ शरू जोशी सिफारिस भएकी छन् । उनले वैदेशिक रोजगारसम्बन्धी कानुनी तथा नीतिगत संरचना निर्माणमा योगदान गरेकी छन् ।

ओमानका लागि दिगो विकास, समावेशी नवप्रवर्तन तथा अन्तर्राष्ट्रिय सहकार्यमा १५ वर्षभन्दा बढी अनुभव भएकी पद्माक्षी राणा सिफारिस भएकी छन् । उनी इम्प्याक्ट हब काठमाडौंकी कार्यकारी निर्देशक तथा सहसंस्थापक हुन् ।

मलेसियाका लागि शिक्षा तथा सार्वजनिक प्रशासन क्षेत्रका विज्ञ चूडामणि खरेल सिफारिस भएका छन् । उनी प्राध्यापन तथा विभिन्न खेलकुद संस्थाको व्यवस्थापनमा समेत सक्रिय छन् ।

दक्षिण कोरियाका लागि जलवायु उत्थानशीलता, जलसुरक्षा र अन्तर्राष्ट्रिय सहकार्यका विज्ञ प्रा. डा. सङ्गम श्रेष्ठ सिफारिस भएका छन् । उनी एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी, थाइल्यान्डका प्राध्यापक तथा पूर्वडिन हुन् ।

श्रीलंकाका लागि सुशासन तथा सार्वजनिक नीति विज्ञ डा. मन्चला झा सिफारिस भएकी छन् । उनी सत्य निरूपण तथा मेलमिलाप आयोगकी पूर्वआयुक्त तथा त्रिभुवन विश्वविद्यालयकी सहप्राध्यापक हुन् । साउदी अरेबियाका लागि समाजशास्त्री तथा विकास विज्ञ गिरीबहादुर सुनार सिफारिस भएका छन् । उनले सामाजिक संरक्षण, समावेशीकरण, जलवायु अनुकूलन र विकासका क्षेत्रमा दुई दशकभन्दा बढी काम गरेका छन् ।

मन्त्रिपरिषद्बाट सिफारिस भएपछि प्रस्तावित राजदूतहरूको संसदीय सुनुवाइ हुनेछ । संसदीय सुनुवाइ समितिबाट नाम अनुमोदन भएपछि सम्बन्धित मुलुकबाट एग्रिमो प्राप्त गर्नुपर्नेछ । त्यसपछि राष्ट्रपतिले राजदूत नियुक्त गर्ने संवैधानिक प्रक्रिया छ ।

# अर्थमन्त्री वाग्ले र भारतीय विदेशमन्त्री जयशंकरबीच भेटवार्ता



**काठमाडौं /मस–** अर्थमन्त्री डा.स्वर्णिम वाग्ले र भारतीय विदेश मन्त्री डा. एस जयशंकर बीच भेटवार्ता छ । भारत भ्रमणको दोस्रो दिन अर्थमन्त्री वाग्ले र भारतीय विदेश मन्त्री जयशंकर बीच नयाँदिल्लीमा भेटवार्ता भएको हो । भेटमा बलियो सम्बन्धको आडमा द्विपक्षीय सहकार्य, उन्नयन र समुन्नतिको पहल विभिन्न विषयमा छलफल भएको छ ।

नयाँदिल्लीस्थित नेपाली दूतावासकाअनुसार भेटमा मन्त्री डा. वाग्लेले रसुवामा भर्खरै गएको आकस्मिक बाढीपछिको उद्धार तथा राहत कार्यमा पुऱ्याएको सहयोगका लागि भारत सरकारलाई धन्यवाद व्यक्त गरे ।

भेटमा नेपाल-भारतबीचको दीर्घकालीन मित्रतालाई अझ प्रगाढ बनाउने तथा विशेष गरी लगानी,ऊर्जा र कनेक्टिभिटीका क्षेत्रमा द्विपक्षीय सहकार्यलाई मजबुत बनाउने बिषयमा छलफल भएको अर्थतन्त्रालयको सचिवालयले जनाएको छ ।

यसअघि अर्थमन्त्री डा.वाग्लेले शुक्रबार भारतीय उच्च कूटनीतिज्ञसँग छलफल गरेका थिए ।

भ्रमणको पहिलो दिन उनले भारतीय समकक्षी निर्मला सीतारमणसँग भेट गरेका थिए ।

# स्वास्थ्यकर्मीको सुरक्षा सुनिश्चित गर्न ऐन संशोधनको तयारी

**काठमाडौं /मस–** स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा थप प्रभावकारी बनाउन स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले विद्यमान कानुनी व्यवस्थामा संशोधन प्रक्रिया अघि बढाएको छ ।

स्वास्थ्यकर्मीमाथि हुने दुर्व्यवहार तथा स्वास्थ्य संस्थामा हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्दै सुरक्षित कार्य वातावरण सुनिश्चित गर्ने उद्देश्यले मन्त्रालयले 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक' संसद् सचिवालयमा दर्ता गराएको हो ।

मन्त्रालयबाट अघि बढाइएको उक्त विधेयकलाई मन्त्रिपरिषद्को २०८३ भदौ २९ गते बसेको बैठकले संसद्मा पेस गर्न स्वीकृति दिएको थियो । मन्त्रिपरिषद्बाट स्वीकृति पाएपछि विधेयक संसद् सचिवालयमा दर्ता गरिएको हो ।

स्वास्थ्य सेवाको नियमित, भरपर्दो, मर्यादित र प्रभावकारी प्रवाहका लागि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा आवश्यक रहेको भन्दै मन्त्रालयले विद्यमान कानुनी संरचनालाई समयसापेक्ष बनाउन संशोधन प्रक्रिया अघि बढाएको जनाएको छ ।

मन्त्रालयले स्वास्थ्यकर्मीको पेसागत सुरक्षालाई प्राथमिकतामा राख्दै सुरक्षित र सम्मानित कार्य वातावरण सुनिश्चित गर्न आवश्यक कानुनी सुधारलाई अघि बढाएको हो । विधेयक संसद्को प्रक्रियामा प्रवेश गरेसँगै स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी कानुनी व्यवस्थालाई थप प्रभावकारी बनाउने बाटो खुलेको छ ।

स्वास्थ्यमन्त्री निशा मेहेताले स्वास्थ्यकर्मीले सुरक्षित र सम्मानित वातावरणमा काम गर्न सक्ने अवस्था सुनिश्चित गर्नु स्वास्थ्य सेवाको गुणस्तर र निरन्तरतासँग प्रत्यक्ष जोडिएको विषय भएको बताइन् ।

'स्वास्थ्यकर्मी सुरक्षित र सम्मानित वातावरणमा काम गर्न सक्ने अवस्था सुनिश्चित गर्नु स्वास्थ्य सेवाको गुणस्तर र निरन्तरतासँग प्रत्यक्ष जोडिएको विषय हो । स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा बलियो बनाउन आवश्यक कानुनी सुधारलाई मन्त्रालयले प्राथमिकताका साथ अघि बढाएको छ,' उनले भनिन् ।

मन्त्रालयले स्वास्थ्य क्षेत्रसँग सम्बन्धित अन्य कानुनलाई समेत समयसापेक्ष बनाउन तीनवटा संशोधन विधेयक अघि बढाएको जनाएको छ । तीमध्ये 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन' र 'आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुसम्बन्धी ऐन' संशोधनका विधेयकसमेत मन्त्रिपरिषद्बाट स्वीकृत भई संसद् सचिवालयमा दर्ता भएका छन् ।

# संसद्मै आमनेसामने रास्वपाका सांसद

### पार्टीभित्र असन्तुष्टि बढ्दै जानु र त्यसको असर संसद्मा देखिनु संयोग मात्रै हो कि अरू केही हो ! यसबारे नेताहरूले सार्वजनिक रूपमा भने प्रस्ट बोलिरहेका छैनन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असोज





सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरू संसद्मै आमनेसामने हुन थालेका छन् । २५ भदौमा रास्वपा सांसद अमरेशकुमार सिंहले सरकारको कामकारबाही, प्रधानमन्त्रीको सचिवालय र सल्लाहकारहरूको भूमिकामाथि प्रश्न उठाए ।

सरकारको प्रभाव र जनविश्वास घट्दै गएको, राज्य सञ्चालनमा गलत शैली हाबी भएको तथा प्रधानमन्त्रीको सचिवालयले सांसदहरूलाई धम्की दिने गरेको आरोप लगाए । सांसद सिंहले प्रधानमन्त्रीको सल्लाहकारमध्ये एकजना नै सरकारलाई असफल बनाउन पर्याप्त हुने टिप्पणी गरे । 'सरकारको केन्द्र मैले सिंहदरबार बुझेको थिएँ, तर सरकारको केन्द्र 'ज्वागल' बनेको छ, हुकुमी शासन चलिरहेको छ,' रास्वपा सांसद सिंहले भने ।

ललितपुरको ज्वागलमा प्रधानमन्त्रीका सल्लाहकार कुमार बेन (व्यञ्जनकार)को घर छ । यसतर्फ संकेत गर्दै सांसद सिंहले कटाक्ष गरेका हुन् । सिंहले प्रधानमन्त्रीको सचिवालयको भूमिकामाथि प्रश्न उठाउँदै 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रधानमन्त्री कार्यालयको शाखा हो ?' भनेर पनि प्रश्न गरे । उनले राज्यलाई पछाडि धकेल्ने काम भइरहेको भन्दै सरकारको कार्यशैलीमाथि पुनर्विचार गर्नुपर्ने बताए । उनका यी अभिव्यक्ति उपर रास्वपाकै सांसद लालविक्रम थापाले संसद्मै प्रतिवाद गरे ।

१ असोज २०८३ मा प्रतिनिधिसभाको बैठकमा बोल्दै थापाले प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार कुमार बेनमाथि अर्का सांसद सिंहले लगाएको आरोप भ्रामक र आधारहीन भएको भनेर प्रतिवाद गरे । प्रमाणसहित आरोप पुष्टि गर्न सिंहलाई चुनौती दिए । प्रमाण दिन नसके आरोप फिर्ता लिनुपर्ने माग राखे ।

रास्वपा सांसदद्वय सिंह र थापाबीचको वादप्रतिवाद रास्वपाभित्रको मतभेदको प्रत्यक्ष उदाहरण हो ।

यसअघि रास्वपाका सांसद रमेश प्रसाईं र अमरेशकुमार सिंहबीच पनि वादप्रतिवाद चलेको थियो । २९ साउनमा प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठक बसेको थियो । उक्त बैठकमा 'राष्ट्रिय सेवा दल विधेयक, २०८३' माथिको सैद्धान्तिक छलफल चलिरहेको थियो ।

छलफलकै क्रममा रास्वपा सांसद डा. अमरेशकुमार सिंहले आफ्नो धारणा राख्ने क्रममा 'सैन्यीकरण' भन्ने शब्द प्रयोग गरे । उनको उक्त शब्दप्रति रास्वपाकै अर्का सांसद रमेश प्रसाईंले असहमति जनाए । सिंहको भनाइलाई प्रसाईंले खण्डन गरेपछि सिंहले त्यसप्रति आपत्ति जनाएका थिए ।

सिंहको आपत्तिपछि समिति सभापति हरि ढकालले सहजीकरणको प्रयास गर्दै भनेका थिए, 'माननीय रमेशले व्यक्ति तोकेर कतै खण्डन गरेको जस्तो मैले अनुभूति गरेको छैन ।'


लगत्तै सांसद सिंहले भने, 'मैले मिलिटराइजेसन (सैन्यीकरण) भनेको थिएँ, किन भनेको छैन ? मलाई बच्चा नठान्नू न सभापतिजी ।'

उनले सेना र प्रहरी कति छ भन्ने कुरा प्रमाणित गर्न भन्दै एकछिन आक्रोश पोखे । लगत्तै सभापति ढकालले खण्डन र वादविवादको थलो समितिलाई नबनाउन आग्रह गरे । यसले रास्वपाका सांसदहरूबीच मतभिन्नता संसदीय समितिसम्म पनि पुगेको देखाउँछ । सरकारको कार्यशैलीलाई लिएर संसद्मा रास्वपाकै सांसदहरूले प्रश्न उठाउँदै आएका छन् । बिहीबार मात्रै पनि रास्वपा सांसद यज्ञमणि न्यौपानले सरकारले रसुवा बाढीपछि प्राप्त राहत सामग्री वितरण हुन नसकेको भनेर सरकारको आलोचना गरे । त्रिभुवन विमानस्थलमा थुप्रिएको राहत सामग्रीको फोटो भनेर संसद्मा देखाए । यसअघि उनै न्यौपानेले राजदूत नियुक्तिमा विलम्ब भएको भनेर सरकारको आलोचना गरेका थिए । अन्य सांसदहरू पनि महँगी, ग्यास अभाव आदिको विषयमा सरकारको आलोचनामा उत्रिरहेका छन् । 'एकातिर देश विपद्ले छटपटाइरहेका बेला अर्कोतिर बजार उदण्ड भयो । र मेरै सरकारको पालामा महंगीले अग्रगामी छलाङ लगायो,' गत बुधबार प्रतिनिधिसभाको बैठममा रास्वपा सांसद रमेश प्रसाईंले भने । प्याज, चिनी, चामल, तेललगायत हरेक चिजको भाउ बढेको भन्दै उनले थपेका थिए, 'चिल्ला गाडी चढ्नेहरूलाई फरक पर्दैन । तर हामीजस्ताको त ढाड सेकियो त ।' यसले रास्वपाभित्र सरकार सञ्चालन र पार्टी अनुशासनबारे बहस चर्किएको संकेत गरेको छ । रास्वपाबाटै सरकारको आलोचना बढ्दा प्रतिवाद पनि हुन थालेको हो ।

एकातिर पार्टीभित्र असन्तुष्टि बढ्दै जानु र अर्कोतिर त्यसको अभिव्यक्ति संसद्मा देखिनु संयोग मात्रै हो कि अरू केही हो ! यसबारे नेताहरू सार्वजनिक रूपमा भने प्रस्ट बोलिरहेका छैनन् ।

बरु एउटै विषयलाई हेर्ने नजरमा भने नेताहरूका फरक-फरक धारणा र एक्सन देखिन थालेको छ । भदौ २३ गते पुरानो संसद् भवनको परिसरमा जेनजी सहिद प्रथम स्मृति दिवस आयोजना गरिएको थियो । उक्त कार्यक्रमलाई लिएर रास्वपाकी सचेतक क्रान्तिशिखा धितालले टिप्पणी गरेकी थिइन् । सहिद परिवार र आन्दोलनका घाइतेको पीडा सम्बोधन नगरी भव्य मञ्च तथा धर्मगुरुको सहभागितासहित कार्यक्रम गर्नुको औचित्यमाथि प्रश्न उठाएकी थिइन् । जेनजीको आवाज उठाउने र सरकारका काममाथि प्रश्न गर्नेहरूले पनि कार्यक्रमको स्वरूपबारे हस्तक्षेप गर्न नसकेको भन्दै उनले असन्तुष्टि जनाएकी थिइन् ।

# व्यवसायी पराजुलीलाई पितृशोक



**काठमाडौं /मस–** वैदेशिक रोजगार व्यवसायी नारायण पराजुलीलाई पितृशोक परेको छ ।

काठमाडौंको सिनामंगलस्थित प्रुडेन्सियल ओभरसिज प्रा.लि. तथा प्रुडेन्सियल होटलका सञ्चालक पराजुलीका पिता चन्द्रबहादुर पराजुलीको निधन भएको हो ।

पराजुलीको ८४ वर्षको उमेरमा मोरङको सुनदरहरैंचा-५ बाँसबारीस्थित निवासमा गत भदौ २७ गते निधन भएको पारिवारिक स्रोतले जानकारी दिएको छ । स्व. पराजुलीका श्रीमती, १ छोरी र १ छोरा रहेका छन् ।


Government of Nepal
Ministry of Infrastructure Development
Department of Roads
**Postal Highway Directorate**
**Letter of Intention for Opening of Financial Bid**
**Publication Date: 2083/06/03**

This is to notify all concerned bidders as per Public Procurement Regulation 2064 Rule 31(ज) that opening of financial bid in respective date and place of following technically successful bidders for Contract Identification No HRP/337011284/082-83/BC-01, HRP/337011284/082-83/BC-09, HRP/337011284/082-83/BC-10, in accordance with the instruction to bidders are selected as substantially responsive evaluated bid.

| S. N. | Contract Identification No | Responsive Bidders | Financial Opening Date and Place |
|---|---|---|---|
| 1 | HRP/337011284/082-83/BC-01 | 1.M/S R.K.Nirman Sewa, Sunsari<br>2. M/S Shah Nirman Sewa Inaruwa-1, Sunsari | Date:2083/06/12<br>Time: 11:00 hrs<br><br>Place:<br>Public Procurement Monitoring Office Kaiser Mahal, Kathmandu, Nepal |
| 2 | HRP/337011284/082-83/BC-09 | 1. Santosh Niraman Sewa,Birgunj Nepal<br>2. Hari Hari Nirman Sewa Pvt. Ltd. Ratopul, Kathmandu.<br>3. Jaya Bageshwori Mata Construction Pvt. Ltd. Nepalgunj-24, Banke.<br>4. Rabi Construction company Pvt. Ltd. Dhankaul (p)-9 Malangwa, Sarlahi. | |
| 3 | HRP/337011284/082-83/BC-10 | 1. SBA Nirman Sewa Pvt. Ltd,Sukedhara Kathmandu<br>2. Kalpabrichhya - Dhartimata jv JV,<br>3. Shanti Nirman Sewa Pvt. Ltd,Anamnagar 32, kathmandu"<br>4. Mahabir engineering & Construction Pvt. LTd, Manbhawan Lalitpur<br>5. Geetanjali Construction Pvt. Ltd.,Duhabi-7, Sunsari<br>6. SURYA AND SONS PVT. LTD., Sunsari | |

**Project Director**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**विशेष दर्ता खारेजी 30 दिने सूचना**

यस कार्यालयमा मिति २०६८।०४।०६ मा दर्ता भएको **प्रा.लि. नं. ८४७६६** को **ओजोन कन्स्ट्रक्सन** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८३/०६/०३**

यस कम्पनीको मिति २०८३।०५।२९ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **जी. सिक्स होल्डीङ्गस प्रा.लि. (दर्ता नं. ३१८४४५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ए.पी. भेन्चर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



**नेपाल सरकार**
**वैदेशिक रोजगार विभाग, काठमाडौं**
**दावी विरोध सम्बन्धी सूचना**
**सूचना प्रकाशित मिति : २०८३/०६/०३**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त श्री **Sky Bridge Overseas Pvt. Ltd.** (**इ.प.नं. ११६६/०७३/७४**) ले यस विभाग समक्ष संस्थाको रजिष्टर्ड कार्यालयको ठेगानालाई तपसिल बमोजिम स्थानान्तरण गरि पाउँ भनि निवेदन दिएकोले उक्त प्रा. लि. को माग बमोजिम साविकको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात)** दिनभित्र यस **वैदेशिक रोजगार विभागको** संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नुहुन मिति २०८३/०६/०२ को निर्णयानुसार अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वार जानकारी गराईन्छ ।

**तपशिल**

| साविक ठेगाना | अब कायम हुने नयाँ ठेगाना |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ०९ | काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. १० |



**जनहितमा जारी सन्देश**

- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्रै कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

**छत्रेश्वरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भोटेचौर, सल्यान, कर्णाली प्रदेश, नेपाल



**जनहितमा जारी सन्देश**

- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्रै कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

**शैलुङ गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
काटाकुटी, दोलखा, बागमती प्रदेश

खेलकुद

# एसियाडमा अनुपस्थित नेतृत्व

बियोन्ड द गेम



● टीएस ठकुरी

*मैदानमा खेलाडीले पदकका लागि भिडिरहेका बेला नेतृत्व भने अन्य कामको बहानामा अनुपस्थित हुँदा खेलाडीको मनोविज्ञानमा कस्तो असर पर्ला ? खेलाडीको मनोविज्ञानलाई हल्का रूपमा लिइनु हुँदैन। पदक जित्ने खेलाडीका लागि कहिलेकाहीँ एउटा हात मिलाइ, एउटा शब्द र एउटा झण्डा नै ठुलो ऊर्जा बन्न सक्छ।*

नेपालको खेलकुदसँग जापानको सम्बन्धका पछाडि मीठो संयोग जुरेको छ। नेपालले पहिलोपटक विश्व खेलकुदको महाकुम्भ ओलम्पिकमा पाइला टेक्दा जापानकै भूमि थियो । सन् १९६४ को टोकियो ओलम्पिकबाट नेपालले विश्वको सर्वोच्च खेलकुदमा डेब्यु गर्दै यात्रा आरम्भ गर्दा नेपाली टोलीमा बक्सिङका चार र म्याराथनका दुई खेलाडी सहभागी थिए। नेपालबाट जाने खेलाडीमा म्याराथन धावक भूपेन्द्र सिलवाल र गङ्गाबहादुर थापा मात्र थिए। बाँकी चार बक्सर हङकङबाट सोझै गएका ब्रिटिस सेनामा कार्यरत नेपाली थिए ।

तत्कालीन खेल अधिकारीहरूले ट्याक जुत्ता किनिदिने आश्वासन दिए पनि दौडिने दिनसम्म सिलवालले जुत्ता पाएका थिएनन्। बाध्य भएर उनी नाङ्गो गोडाले नै दौडिए । तातो पिचका कारण उनको गोडामा अलकत्रा टाँसियो । जापानी महिलाले गोडामा पानी हालिदिएको दृश्यले अलग्गै भावनात्मक सन्देश दिएको थियो । दौडिसकेपछि सियोले त्यो अलकत्रा निकाल्ने क्रममा गोडाको छाला नै उप्किएर रगताम्मे भएको उनले बताएका थिए । उनले पछि भनेका थिए, 'यदि मैले जुत्ता पाएको भए देशका लागि पदक ल्याउन सक्थेँ ।'

त्यसैगरी जापानसँग म्याराथनको अर्को सम्बन्ध पनि जोडिएको छ । विश्व म्याराथनको आधिकारिक छाता संस्था एम्सको स्थापना भएको चार दशकसम्म नेपाल सदस्य थिएन । नेपालगञ्ज म्याराथनले २०२२ मा पहिलोपटक सदस्यता लिएपछि जापानको ओसाकामा भएको २३औँ एम्स वर्ल्ड कंग्रेसमा भाग लिएर नेपालले एम्ससँग औपचारिक सम्बन्ध विस्तार गर्‍यो । जापानले जाइकामार्फत गरेको विकासको योगदान त छँदै छ ।

जापान विश्व खेलकुदको एक 'पावर हाउस' हो। ओलम्पिक र एसियाडजस्ता बृहत् खेलकुद आयोजना गर्ने सामर्थ्य जापानसँग छ। जापानको आइची नागोयामा एसियन गेम्सको उद्घाटन हुँदै छ। २०औँ एसियाली खेलकुदमा एसियाका ४५ देश तथा क्षेत्रका खेलाडीहरू आफ्नो देशको झण्डा बोकेर इतिहास लेख्ने तयारीमा छन्। करिब १७ हजार खेलाडी तथा पदाधिकारीको सहभागिता रहने यसपटकको एसियाडमा ४३ खेलका ४६९ पदकका लागि प्रतिस्पर्धा हुँदै छ।

तर, यति ठूलो खेल महोत्सवको पूर्वसन्ध्यामा नेपालको खेल क्षेत्रमा भने फरक बहस सुरु भएको छ। खेलाडीहरू जापान पुगिसक्दा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव रामचरित्र मेहता अन्तिम समयमा नजाने भएका छन्। अझ रोचक कुरा, उनीहरू नजाने विषय जापान उड्ने अन्तिम दिन अर्थात् ३१ भदौमा मात्र सार्वजनिक भयो। यति बृहत् विश्व खेलकुद महोत्सवमा देशको खेलकुद मन्त्रालयको राजनीतिक नेतृत्व र खेलकुदको कार्यकारी नेतृत्व दुवै नजाने निर्णय अन्तिम समयमा सार्वजनिक हुनु आफैँमा रहस्यमय छ।

यसको वास्तविक कारण निकट भविष्यमा पक्कै उजागर होला। मन्त्री पोखरेलले देशमा आएको बाढीपहिरोका कारण यस्तो समयमा विदेश जान उचित नहुने संकेत गरेको बाहिर आएको छ। सदस्यसचिव मेहताले भने एसियाली खेलकुदमा जाँदा १०औँ राष्ट्रिय खेलकुदको तयारीमा असर पर्ने तर्क गरेका छन्। दुवै तर्क सुन्दा आ-आफ्नो ठाउँमा सही होलान्। तर, जेजस्ता कारण देखाए पनि एसियाडमा अनुपस्थित हुनु पक्कै राम्रो खबर होइन, किनभने एसियाड कुनै सामान्य विदेश भ्रमण होइन।

एसियाली खेलकुदको जन्म नै खेलमार्फत एसियाली देशहरूबीच एकता, सम्बन्ध, मित्रता र शान्ति बलियो बनाउने उद्देश्यले भएको हो। पहिलो एसियाड सन् १९५१ मा भारतको नयाँ दिल्लीमा भएको थियो। दोस्रो विश्वयुद्धले टुक्र्याएको एसियाली सम्बन्धलाई खेलमार्फत जोड्ने सोचबाट सुरु भएको यो अभियान आज एसियाकै सबैभन्दा ठूलो खेलकुद महोत्सव बनेको छ। जापान आफैँले पनि तेस्रोपटक एसियाड आयोजना गर्दै छ। टोकियोले १९५८ र हिरोसिमाले १९९४ मा एसियाड आयोजना गरेका थिए। हिरोसिमाको आयोजनापश्चात् ३२ वर्षपछि जापानमा फेरि एसियाको खेलकुद संसार जम्मा हुँदै छ। एसियाली खेलकुदजस्तो बृहत् महोत्सवमा खेलकुदमन्त्री जानु भनेको केवल उद्घाटन समारोहमा उपस्थित हुनु




होइन। सदस्यसचिव जानु भनेको केवल सरकारी खर्चमा विदेश भ्रमण गर्नु पनि होइन। उनीहरू आफ्ना खेलाडीको अभिभावक, प्रतिनिधि र नेतृत्वका रूपमा उपस्थित हुने हो। खेलाडीको खेल हेर्नु, उनीहरूको समस्या बुझ्नु, अन्तर्राष्ट्रिय खेल पदाधिकारीसँग भेट्नु, भविष्यका सम्भावना खोज्नु र नेपालको खेलकुदलाई अन्तर्राष्ट्रिय सञ्जालसँग जोड्नु पनि नेतृत्वको जिम्मेवारी हो। अहिलेको खेलकुद नेतृत्व नजाने निर्णय गरेर यसमा चुकेको छ।

विशेष गरी सदस्यसचिवको भूमिका अझ संवेदनशील छ। राष्ट्रिय खेलकुद परिषद्को सदस्यसचिव भनेको कार्यकारी नेतृत्व हो । सदस्यसचिव पद भनेको 'शेफ द मिसन' अर्थात् टोलीको नेतृत्व गर्ने व्यक्ति हो । मैदानमा खेलाडीले पदकका लागि भिडिरहेका बेला उसको नेतृत्व गर्ने व्यक्ति अन्य कामको बहानामा अनुपस्थित रहेको कल्पना गर्दा खेलाडीको मनोविज्ञानमा कस्तो असर पर्ला ?

खेलाडीको मनोविज्ञानलाई हल्का रूपमा लिइनु हुँदैन । पदक जित्ने खेलाडीका लागि कहिलेकाहीँ एउटा हात मिलाइ, एउटा शब्द र एउटा झण्डा नै ठूलो ऊर्जा बन्न सक्छ। नेपालले एसियाडमा लामो यात्रा तय गरेको छ। सन् १९५१ को पहिलो संस्करणदेखि नै नेपालले सहभागिता जनाउँदै आएको छ (यद्यपि १९५४ र १९६२ का संस्करणमा नेपाल सहभागी भएन)। लामो यात्राका क्रममा नेपालले थोरै भए पनि सम्झनलायक इतिहास बनाएको छ।

सन् १९८६ को सियोल एसियाड नेपाली खेलकुदका लागि ऐतिहासिक रह्यो। तेक्वान्दोका विधान लामाले नेपाललाई पहिलो एसियाली पदक दिलाए। त्यसपछि तेक्वान्दो, बक्सिङ र करातेले नेपालको झण्डा पटक-पटक पदक मञ्चसम्म पुर्‍याए। सन् १९९८ को बैङ्कक एसियाडमा सबिता राजभण्डारीले रजत पदक जितिन्। दीपक बिष्टले एसियाडका दुई संस्करणमा कास्य पदक जिते। तर हाम्रो कथा पदकसँगै एउटा अर्को कठोर सत्यको कथा पनि हो। नेपालको एसियाड यात्रा लामो भयो, तर तयारीको संस्कृति निरन्तर हुन सकेन। २०१० मा बक्सिङका दीपक महर्जनले कास्य जिते। २०१४ मा बिमला तामाङले इन्चोन (कोरिया) एसियाडमा करातेमा कास्य जितिन्। त्यतिबेला राखेप र एनओसीले अलग-अलग खेलाडी लिएर पुगेका थिए। २०१८ मा प्याराग्लाइडिङको पुरुष टोलीले अनपेक्षित ऐतिहासिक रजत जित्यो।

त्यसपछि हाङझाउमा २०२२ नाम दिइएको एसियाड जुन २०२३ मा भयो। त्यसमा एरिका गुरुङले करातेमा रजत जितिन् भने महिला कबड्डीले पहिलो सहभागितामै कास्य जितेर नयाँ सम्भावना देखायो । करातेकी एरिका र कबड्डी टोलीप्रति यसपटक पनि सबैको नजर छ । यी पदकहरू हेर्दा एउटा कुरा स्पष्ट हुन्छ- नेपालका खेलाडी कमजोर छैनन्, कमजोर त हाम्रो पद्धति र प्रणाली हो ।

हामी खेलाडीलाई ठूला खेल उत्सव आउनु केही महिनाअघि मात्र खोज्छौँ। तयारीका लागि बजेट छुट्याउँछौँ, प्रशिक्षण शिविर सञ्चालन गर्छौं, आवश्यक ठाने छोटो वैदेशिक प्रशिक्षणमा पनि पठाउँछौँ। तर पदक आएन भने दोष जति खेलाडीलाई दिन्छौँ। एसियाड हरेक चार वर्षमा आउँछ। आज जापानमा खेलिरहेका खेलाडीको तयारी हिजोबाट सुरु भएको होइन। अर्को एसियाडको तयारी त अहिलेदेखि नै सुरु हुनुपर्छ।

यसै सन्दर्भमा, १०औँ राष्ट्रिय खेलकुदको तयारीलाई देखाएर सदस्यसचिवजस्तो नेतृत्वदायी व्यक्ति एसियाडमा नजानु कति उपयुक्त हो भन्ने प्रश्न उठ्छ। राष्ट्रिय खेलकुदको तयारी महत्वपूर्ण छ, यसमा विवाद छैन । तर एउटा अन्तर्राष्ट्रिय प्रतियोगितामा देशको टोलीको नेतृत्व गर्नु र अर्को राष्ट्रिय खेलकुदको तयारी गर्नुबीच सन्तुलन खोज्न नसक्ने हो भने समस्या व्यक्तिको इच्छामा होइन, प्रणालीमा छ।

अर्को महत्वपूर्ण विषय नेपाल ओलम्पिक कमिटी र राष्ट्रिय खेलकुद परिषद्बीचको सम्बन्ध हो। नेपाली खेलकुदमा यी दुई संस्थाबीच अधिकार, भूमिका र प्रभावलाई लिएर बेलाबेलामा तिक्तता देखिँदै आएको छ। यो नयाँ विषय होइन। तर हरेक ठूलो अन्तर्राष्ट्रिय प्रतियोगितामा यही शक्ति संघर्षको छाया खेलाडीमाथि पर्नु हुँदैन। एसियाडमा खेलाडी पठाउने, उनीहरूको तयारी गर्ने, प्रशिक्षण, पूर्वाधार, खेल सामग्री, प्रशिक्षक र राष्ट्रिय खेलकुद प्रणालीको ठूलो जिम्मेवारी राज्य र राष्ट्रिय खेलकुद परिषद्को हो। नेपाल ओलम्पिक कमिटीको भूमिका अन्तर्राष्ट्रिय समन्वय, सहभागिता व्यवस्थापन र ओलम्पिक अभियानसँग सम्बन्धित पक्षमा महत्वपूर्ण हुन्छ। दुवै संस्थाले आ-आफ्नो भूमिकालाई सम्मान गर्ने हो भने खेलाडी केन्द्रमा आउँछन्, तर संस्था केन्द्रमा आयो भने खेलाडी फेरि छायामा पर्छन्।

सरकार र खेलकुद नेतृत्वले एउटा कुरा बुझ्नैपर्छ- खेलाडी असफल हुँदा पदाधिकारी सफल हुँदैनन् र खेलाडी सफल हुँदा मात्र देशको खेलकुद नेतृत्व सफल हुन्छ। मन्त्री वा सदस्यसचिव नजाँदैमा नेपालले पदक जित्दैन भन्ने होइन। पदक त मैदानमा खेलाडीले नै जित्ने हो। तर नेतृत्वको उपस्थिति खेलाडीको मनोबल, अन्तर्राष्ट्रिय सम्बन्ध र संस्थागत उत्तरदायित्वको एउटा महत्त्वपूर्ण हिस्सा हो। तसर्थ यसलाई व्यक्तिको विदेश भ्रमणको विषय मात्र बनाइनु हुँदैन।

एसियाडको मूल भावना नै 'एक एसिया' हो । जापानले यसपटकको खेलकुदलाई 'एक एसियाको कल्पना' भन्ने नारासहित आयोजना गर्दै छ । हामीले पनि एउटा कुरा कल्पना गर्नुपर्छ- 'खेलकुदमा एउटै नेपाल' । मन्त्री, सदस्यसचिव, ओलम्पिक कमिटी, संघ, प्रशिक्षक, खेलाडी र खेल पत्रकार सबै एउटै दिशामा उभिएको नेपाल। पदका लागि होइन, पदकका लागि। क्रेडिटका लागि होइन, खेलाडीका लागि। शक्ति प्रदर्शनका लागि होइन, नेपाली खेलकुदको भविष्यका लागि।

खेलाडीहरू जापान जाँदा व्यक्तिगत सपना मात्र लिएर जाँदै छैनन्, उनीहरू नेपालको झण्डा बोकेर जाँदै छन्। उनीहरूलाई अहिले आश्वासन होइन, नेतृत्व चाहिएको छ। सबैभन्दा बढी चाहिएको कुरा एउटै हो- देश तिम्रो साथमा छ । त्यो अनुभूति दिलाउने जिम्मेवारी मैदानमा उत्रिने खेलाडीको मात्र होइन, मैदानबाहिर बसेर नेपाली खेलकुदको नेतृत्व गर्ने सबैको हो । एसियाड सकिएपछि पदकको हिसाब गरौँला । तर त्यसपछि हामीले एउटा हिसाब गर्नैपर्छ- हामीले आफ्ना खेलाडीका लागि कति इमानदारीपूर्वक तयारी गरेका थियौँ ?

**(ठकुरी एम्सका सद्भावना दूत तथा नेपालन्ज म्याराथनका संस्थापक अध्यक्ष हुन्।)**

घुमफिर

# जाऔं न ककनी...



■ खम्बराज राई

*हिउँदमा हिमाली दृश्यावलोकन, बर्खामा फुङफुङ र लौके झरनाको आनन्द, खेतीभरि स्ट्रबेरीको मिठास र फार्ममै पकाइएको ताजा रेम्बो ट्राउट माछाको स्वादले ककनी पुग्ने हरेक आन्तरिक पर्यटकलाई स्वर्गीय आनन्दको अनुभूति गराउँछ।*

राजधानी काठमाडौँको कोलाहल, धुवाँ र व्यस्त दैनिकीबाट अलिकति टाढा पुगेर प्रकृतिसँग गफिन मन छ ? उत्तर-पश्चिमको पहाडी काखमा अवस्थित ककनी तपाईँलाई स्वागत गर्न सदैव तयार छ। काठमाडौँ उपत्यकादेखि सबैभन्दा नजिकको, मनमोहक र चिसो हावापानीले भरिपूर्ण पर्यटकीय गन्तव्य हो- ककनी गाउँपालिका ।

ककनी गाउँपालिकाको पूर्वमा काठमाडौँ उपत्यका तथा शिवपुरी गाउँपालिका, पश्चिममा बेलकोट नगरपालिका, उत्तरमा लिखु गाउँपालिका र दक्षिणमा धुनीबेंसी नगरपालिका रहेका छन् । काठमाडौँ उपत्यकासँगै जोडिएको यस गाउँपालिकाको भू-बनोट मुख्यतः ढल्केको भू-आकृति रहेको छ भने केही खोलाक्षेत्र आसपासका भूभाग समथर फाँटका रूपमा सजिएका छन् ।

भौगोलिक उचाइ र विविध भू-आकृतिका कारण ककनी गाउँपालिकामा उष्ण मनसुनीदेखि चिसो समशीतोष्णसम्मका हावापानी पाइन्छ । यी प्राकृतिक, सामाजिक तथा सांस्कृतिक विशेषताका कारण ककनी गाउँपालिकाले नुवाकोट जिल्लाको प्रमुख पर्यटकीय गन्तव्य तथा पर्यटन नगरीका रूपमा विकास हुने प्रचुर सम्भावना बोकेको छ । यहाँ रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा साहसिक पर्यटनसँग सम्बन्धित स्थलहरूको पहिचान, संरक्षण र प्रवर्धन गर्न सकेमा आन्तरिक तथा बाह्य पर्यटकको



आगमनमा उल्लेख्य वृद्धि गर्न सकिन्छ। यसबाट स्थानीय कृषि तथा पर्यटन व्यवसायको विकास हुनुका साथै रोजगारी र आयआर्जनका अवसरहरू सिर्जना हुनेछन्, जसले स्थानीय आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा समेत महत्त्वपूर्ण योगदान पुर्‍याउनेछ।

पर्यटन विकासका दृष्टिले प्रशस्त सम्भावना बोकेको ककनी गाउँपालिकाभित्र रहेका विभिन्न पर्यटकीय स्थल, साहसिक गतिविधि तथा सांस्कृतिक सम्पदाहरू चर्चा गरिएको छ।

**ककनी हाइट- सौन्दर्य र उचाइको अद्भुत संगम**

काठमाडौँ उपत्यकाबाट करिब २५ किलोमिटर उत्तर-पश्चिममा अवस्थित ककनी हाइट समुद्र सतहबाट करिब २,०३० मिटरभन्दा बढी उचाइमा रहेको छ । यहाँ चिसो समशीतोष्ण हावापानी पाइन्छ। यहाँको मौसम सामान्यतः चिसो हुनुका साथै समय-समयमा फेरिबजली भइरहने भएकाले ककनी डाँडा प्राकृतिक सौन्दर्य र अनुकूल हावापानीका दृष्टिले काठमाडौँवासीका लागि पहिलो रोजाइको गन्तव्य बनेको छ । यस क्षेत्रमा रहेका प्रमुख आकर्षणहरू यस प्रकार छन् ।

**ककनी भ्यु टावर**

बागमती प्रदेश सरकारद्वारा निर्माण सम्पन्न गरी ककनी गाउँपालिकालाई हस्तान्तरण गरिएको ककनी भ्यु टावर हाल सञ्चालनमा छ। यस भ्यु टावरबाट उत्तरतर्फ लाङटाङ, गणेश, मनास्लु तथा अन्नपूर्ण हिमशृङ्खलाका मनोरम दृश्यहरू एकदमै नजिकबाट अवलोकन गर्न सकिन्छ। साथै, यस टावरबाट नुवाकोट र रसुवा जिल्लाका अधिकांश भू-भाग, त्रिशूली र लिखु खोलाका सुन्दर फाँटहरू तथा माथिल्लो क्षेत्रका महाभारत पर्वतशृङ्खलाहरू सहजै नियाल्न सकिन्छ । पूर्व तथा दक्षिणतर्फबाट काठमाडौँ उपत्यकाको डाँडाकाँडा स्पष्ट देखिने भएकाले दृश्यावलोकनका लागि यो टावर उत्कृष्ट ठाउँ हो ।

**ऐतिहासिक बसन्ती दरबार**

तत्कालीन प्रधानमन्त्री भीमसेन थापाका भाइ कर्नेल रणवीरसिंह थापाले वि.सं. १८८८ मा तत्कालीन सरकारबाट लालमोहर प्राप्त गरी ककनी पौवा गुठीको नाममा जग्गासहित बसन्ती दरबार निर्माण गराएका थिए। राणा शासन सुरु हुनुअघि काजी गगनसिंह (भण्डारी) खवासले यस दरबारलाई आफ्नी प्रेमिका, गाउँकी सुन्दरी बसन्तीको नामबाट 'बसन्ती दरबार' नामकरण गरी ग्रीष्मकालीन विश्रामस्थलका रूपमा प्रयोग गरेका थिए। रानी राज्यलक्ष्मीका विश्वासपात्र काजी गगनसिंहको वि.सं. १९०३ भदौ ३१ गते राति यसै दरबारको माथिल्लो तल्लाको पूजाकोठामा पूजा गरिरहेको अवस्थामा हत्या भएको थियो । जसको अनुसन्धानले अन्ततः नेपालको इतिहास मोड्ने 'कोतपर्व'को रूप लियो । साहित्यकार डायमन शमशेर राणाले यसै प्रेमकथा र इतिहासलाई आधार बनाएर प्रसिद्ध उपन्यास 'बसन्ती' लेखे, जसमा पछि लोकप्रिय चलचित्रसमेत बन्यो । आज पनि यो दरबार ऐतिहासिक एवं पर्यटकीय महत्व बोकेर उभिएको छ ।

**थाइ मेमोरियल पार्क**

सन् १९९२ जुलाई ३१ मा ककनी नजिकै भएको थाइ एयरवेयजको विमान दुर्घटनामा ज्यान गुमाएका ११३ जना यात्रु तथा चालकदलका सदस्यहरूको स्मृतिमा यो पार्क निर्माण गरिएको हो । प्राकृतिक सौन्दर्य र भावनात्मक संवेदनाको थलोका रूपमा यस पार्कलाई लिइन्छ ।

**ककनी अन्तर्राष्ट्रिय स्काउट केन्द्र**

नुवाकोटको ककनीमा अवस्थित यो केन्द्र नेपाल र विश्वभरका स्काउटहरूलाई जोड्ने, तालिम दिने र वातावरण संरक्षणसम्बन्धी अभ्यास गराउने प्रमुख साहसिक केन्द्र हो । क्याम्पिङ, हाइकिङ र एड्भेन्चर ट्रेलमार्फत युवाहरूमा नेतृत्व र व्यावहारिक सीप विकास गराइन्छ ।

**पर्वतारोहण र साहसिक तालिम केन्द्रहरू**

ककनी हाइटमा नेपाल पर्वतारोहण सङ्घ (एनएमए) को पहलमा स्पोर्ट्स क्लाइम्बिङ ट्रेनिङ स्कुल, वाल क्लाइम्बिङ सेन्टर तथा अन्तर्राष्ट्रिय पर्वतारोही स्मृति उद्यान स्थापना गरिएका छन्। यसले ककनीलाई पर्वतीय खेलकुद र साहसिक पर्यटनको हब बनाएको छ ।

**प्राकृतिक रक क्लाइम्बिङ**

ककनी हाइट नजिकै रहेका ठूला र भिराला प्राकृतिक चट्टानहरूमा रक क्लाइम्बिङको परीक्षण गरी सुरुवात गरिएको छ। हिमाल आरोहणको पूर्वतयारी र शारीरिक तन्दुरुस्तीका लागि यो रक क्लाइम्बिङ क्षेत्र साहसिक खेलप्रेमीहरूका लागि निकै लोभलाग्दो बनेको छ ।

**ककनी एड्भेन्चर क्याम्प**

निजी क्षेत्रबाट सञ्चालित यो क्याम्पले शिवपुरी राष्ट्रिय निकुञ्जको काखमा पर्यटकहरूलाई साहसिक गतिविधिमा



सहभागी गराउनुका साथै टेन्टमा बस्ने उत्कृष्ट सुविधा उपलब्ध गराउँदै आएको छ ।

**प्राकृतिक झरनाहरू**

**रोमाञ्चक क्यानोनिङ र जलक्रीडा**

**फुङफुङ झरना र क्यानोनिङ**

ककनी गाउँपालिका-४, धन्सारमा अवस्थित करिब १८५ मिटर (६०० फिटभन्दा अग्लो) फुङफुङ झरना र त्यसको नजिकै रहेको १४५ मिटरको अर्को झरना प्राकृतिक सौन्दर्यका अद्भुत नमुना हुन् । गाउँपालिकाले यहाँसम्म पुग्न व्यवस्थित पदमार्ग निर्माण गरेको छ ।

**लौके झरना**

ककनी गाउँपालिका-५ र शिवपुरी गाउँपालिका-८ को सिमानामा करिब १५० फिट अग्लो लौके झरना रहेको छ । लौकाजस्तै आकार भएकाले यसको नाम 'लौके झरना' रहन गएको हो । काठमाडौँबाट करिब ३२ किलोमिटर दूरीमा रहेको यस झरनासम्म एक घण्टाको मनोरम यात्रामा पुग्न सकिन्छ । वर्षायाममा झरनाको चिसो पानीमा रुझ्न र तस्बिर खिच्न युवा-युवतीहरूको यहाँ ठूलो चहलपहल हुने गर्छ ।

**उदीयमान हिल टप पार्कहरू**

**गर्वासी हिल टप पार्क**

वडा नं. ४, हिलेखर्कमा समुद्र सतहदेखि करिब २,०३० मिटर उचाइमा रहेको यो पार्क छिनछिनमा कुहिरो लाग्ने र घाम झुल्किने विशेषताले भरिपूर्ण छ । यहाँबाट उत्तरका हिमशृङ्खला र दक्षिणको काठमाडौँ उपत्यका स्पष्ट देखिन्छ। गाउँपालिकाले यहाँ पदमार्ग, चौतारी, चिया रोपण र गार्डेनिङ गरी पारिवारिक पिकनिकका लागि आकर्षक बनाएको छ ।

**घुमाउने पार्क**

वडा नं. ३ को गैरीखर्कमा रहेको यो पार्क उच्च थुम्कोमा अवस्थित छ । शान्त, एकान्त र मौलिक ग्रामीण परिवेशमा रमाउन चाहने पर्यटकका लागि यो नयाँ र पृथक् गन्तव्य हो ।

**जिब्रो लोभ्याउने स्थानीय स्वादहरू**

**स्वादिष्ट रेम्बो ट्राउट माछा**

ककनी-रानीपौवा क्षेत्रमा १,७००-१,८०० मिटरको उचाइमा बग्ने चिसो र स्वच्छ पानीमा रेम्बो ट्राउट माछा पालिन्छ। सन् १९८८ मा जापानबाट भित्र्याइएको यो माछा स्थानीय पूर्णबहादुर लामाले सन् १९९८ मा पहिलोपटक रानीपौवामा व्यावसायिक रूपमा पाल्न सुरु गरेका थिए । हाल यहाँ 'फार्म-टु-टेबल' (फार्ममै माछा छानेर ताजा पकाएर खाने) अवधारणा निकै लोकप्रिय छ । ककनीका होटल तथा रेस्टुरेन्टमा पाइने ट्राउट माछा काठमाडौँसम्म बिक्री हुने गर्छ ।

**स्वादिलो 'ककनीको मुला'**

चिसो हावापानी र उचाइका कारण ककनीको मुला अन्य ठाउँको भन्दा रसिलो, कुरकुरे र स्वादिलो हुन्छ । ककनीका सबै वडामा उत्पादन हुने यो मुला काठमाडौँदेखि पोखराका बजारसम्म 'ककनीको मुला'का नामले ब्रान्ड बनेको छ र कृषकको आम्दानीको मुख्य आधार बनेको छ ।

**बहुसांस्कृतिक धरोहर र ऐतिहासिक गुम्बाहरू**

ककनी तामाङ, नेवार, ब्राह्मण, क्षेत्री, गुरुङ, राई, मगर, घले, कामी, दमाई र सार्की समुदायको साझा संगमस्थल हो । विशेष गरी तामाङ समुदायको ल्होसार, सेलो नृत्य, डम्फु र टुङ्नाको धुनले ककनीको मौलिक पहिचानलाई झल्काउँछ ।

**गर्वासी मन्दिर (गरुवासी महादेव)**

वडा नं. ४ मा रहेको यो मन्दिर स्थानीयको ठूलो आस्थाको केन्द्र हो । यहाँ हरेक वर्ष धान्यपूर्णिमाको अघिल्लो रातभर भव्य धार्मिक मेला लाग्छ ।

**गुम्बा तथा चैत्यहरू**

पधेली गुम्बा, ककनी गुम्बा, छ्योर्तेन गुम्बा, निङ्मा टासी छयोलिङ गुम्बा, लामा टोल गुम्बा तथा बरबन्दी चैत्य गुम्बाले यस क्षेत्रको बौद्ध धार्मिक पहिचानलाई जीवन्त राखेका छन्। यहाँ लामा गुरुहरूबाट हुने धार्मिक अनुष्ठान र ल्होसारका पूजाआजाले सांस्कृतिक पर्यटनमा टेवा पुर्‍याएका छन् ।

**महालक्ष्मी मन्दिर (बलामी गाउँ)**

वडा नं. १ को बलामी गाउँमा २१०० घरधुरीमा फैलिएको बलामी समुदायको मुख्य धार्मिक स्थल हो । यहाँ कार्तिक पूर्णिमाका दिन 'कोइलापुन्ही' नामले महालक्ष्मी रथयात्रा र जात्रा लाग्छ। जात्राको अघिल्लो दिन निराहार व्रत बस्ने र घरैपिच्छे बोका बलि दिने परम्परा छ । मन्दिरसँग माइती जाने क्रममा महालक्ष्मीलाई टुकीबत्तीले बाटो देखाएको रोचक पौराणिक कथा जोडिएको छ ।

**ऐतिहासिक रुम्बाराजाको दरबार**

वडा नं. १ पदेलीमाथि शिवपुरी राष्ट्रिय निकुञ्जभित्र पर्ने अर्घौतामा तत्कालीन २४ से राज्य विस्तारका क्रममा तामाङ रुम्बा राजा देवसिंह बरुले शासन गरेको भग्नावशेषहरू भेटिन्छन्, जुन पुरातात्विक अध्ययनका लागि महत्वपूर्ण छ ।

अन्त्यमा, काठमाडौँबाट छोटो दूरीमै यात्रा गरी चिसो हावापानी, हिमाली दृश्य, साहसिक खेल, अर्गानिक स्वाद र मौलिक संस्कृतिको आनन्द लिनका लागि ककनीभन्दा उत्तम गन्तव्य अर्को हुन सक्दैन । बिदामा तपाईँ पनि जाने हैन त ककनी ?

**(लेखक राई ककनी गाउँपालिका पूर्वप्रमुख प्रशासकीय अधिकृत हुन्।)**

# स्वास्थ्य विभागका तत्कालीन वरिष्ठ प्रशासक डा. सापकोटाविरुद्ध भ्रष्टाचार मुद्दा




**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्वास्थ्य सेवा विभागका वरिष्ठ स्वास्थ्य प्रशासक (तत्कालीन दशौं तह) डा. अर्जुन प्रसाद सापकोटाविरुद्ध २ करोड ३ लाख रुपैयाँभन्दा बढी गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । डा.सापकोटाले सार्वजनिक सेवाका क्रममा आफ्नो पदीय हैसियतको दुरुपयोग गरी अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको तथा गैरकानुनी सम्पत्ति आर्जन गरेको पुष्टि भएपछि मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

अख्तियारका अनुसार डा.सापकोटा सेवा प्रवेश गरेको मिति २०५३ साल साउन २५ देखि २०८० साल वैशाख ३० गतेसम्मको अवधि (जाँच अवधि) लाई आधार मानी उनको आय तथा व्ययको अनुसन्धान गरिएको थियो । जाँच अवधिमा डा.सापकोटा तथा उनको परिवारको वैधानिक आय ३ करोड ३५ लाख ७७ हजार २६० रुपैयाँ ३४ पैसा रहेको थियो । यसमा पारिश्रमिक/तलव बचत, विभिन्न भत्ता, जग्गा तथा शेयर बिक्री, घरबहाल, बैंक ब्याज, ऋण कर्जा, कृषि आय लगायतका वैध स्रोतहरू समावेश छन्। यस्तै सोही अवधिमा कुल खर्च तथा लगानी ५ करोड ३९ लाख ७१ हजार ८७५ रुपैयाँ ५८ पैसा देखिएको अख्तियारले जनाएको छ। यसमा घर-जग्गा खरिद तथा निर्माण, सवारी साधन, शेयर खरीद, अध्ययन, बीमा प्रिमियम, विदेश भ्रमण, आमाको हेरचाह तथा बैंक मौज्दात आदि समावेश छन्। कुल आयभन्दा कुल खर्च तथा लगानी घटाउँदा आय स्रोत नखुलेको २ करोड ३ लाख ९४ हजार ६१५ रुपैयाँ २४ पैसा बराबरको सम्पत्ति गैरकानुनी रूपमा आर्जन गरेको पुष्टि भएको अख्तियारको निष्कर्ष छ।

अख्तियारले डा. सापकोटाविरुद्ध २ करोड ३ लाख ९४ हजार ६१५ रुपैयाँ २४ पैसा बिगो कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद, बिगो बमोजिम जरिवाना र गैरकानुनी सम्पत्ति जफतको मागदाबी लिएको छ । साथै, वास्तविक सम्पत्तिको विवरण नलुकाएर झुटा विवरण पेश गरेको कसुरमा समेत थप सजायको माग गरिएको छ । यसैगरी, गैरकानुनी रूपमा आर्जन गरिएको स्रोत नखुल्ने सम्पत्ति डा.सापकोटाले श्रीमती निरजा पण्डितको नाममा समेत खरिद गरी राखेकाले सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागि मात्र निरजा पण्डितलाई पनि प्रतिवादी कायम गरिएको अख्तियारले जनाएको छ ।

# साउदीमा साइट इन्जिनियरबाट अपरेसन डाइरेक्टर बने भूपाल भण्डारी

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरेबिया, २ असोज



वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरेबिया पुगेका नेपाली नागरिक भूपाल भण्डारीले साइट इन्जिनियरबाट आफ्नो व्यावसायिक यात्रा सुरु गर्दै आफू कार्यरत कम्पनीको अपरेसन डाइरेक्टर पदसम्मको जिम्मेवारी सम्हाल्न सफल भएका छन् ।

झापा बिर्तामोड निवासी भण्डारी सन् २००९ मा तासावे जेनेरल कन्ट्र्याक्टिङ कम्पनीमा साइट इन्जिनियरका रूपमा साउदी अरेबिया पुगेका थिए । कम्पनीमा विभिन्न जिम्मेवारी सम्हाल्दै अघि बढेका उनी हाल प्रमुख कार्यकारी अधिकृत (सिइओ) पछिको महत्वपूर्ण व्यवस्थापकीय जिम्मेवारीका रूपमा रहेको अपरेसन डाइरेक्टर पदमा पुगेका हुन् ।

साउदीको मरुभूमि क्षेत्रमा नयाँ शहर तथा पूर्वाधार विकासका विभिन्न परियोजनामा काम गर्दै आएको कम्पनीमा नेपाली नागरिक उच्च व्यवस्थापकीय तहमा पुग्नु भण्डारीको निरन्तर मेहनत, व्यावसायिक दक्षता, नेतृत्व क्षमता र जिम्मेवारीप्रतिको प्रतिबद्धताको परिणामका रूपमा हेरिएको छ। कम्पनी व्यवस्थापनले उनीप्रति देखाएको विश्वासले पनि उनको व्यावसायिक यात्रालाई थप उचाइ दिएको छ । साउदी अरेबियामा नेपाली समुदायका गतिविधि तथा समसामयिक राजनीतिक विषयमा समेत सक्रिय भण्डारी सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रवास समितिअन्तर्गत प्रवासी नेपाली सम्पर्क विभाग, साउदी अरेबियाका अध्यक्ष हुन् । व्यावसायिक क्षेत्रसँगै प्रवासी नेपाली समुदाय र राजनीतिक गतिविधिमा समेत उनको सक्रियता रहँदै आएको छ ।

आफ्नो सफलताबारे भण्डारीले वैदेशिक रोजगारीका लागि साउदी अरेबिया आउँदा व्यावसायिक करियरमा यस्तो उचाइ हासिल गर्ने कल्पना नगरेको बताए। 'नेपालबाट वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरब आउँदा एक दिन प्रोफेसनल करियरको यो उचाइमा पुग्छु भन्ने कल्पना गरेको थिइनँ । तर निरन्तर मेहनत, दृढ संकल्प र नेतृत्वप्रतिको प्रतिबद्धताले आज अपरेसन डाइरेक्टरको जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त भएको छ,'उनले भने । भण्डारीले आफ्नो नयाँ जिम्मेवारीलाई व्यक्तिगत उपलब्धिभन्दा पनि विश्वास, अवसर र ठूलो उत्तरदायित्वका रूपमा लिएको बताएका छन् । नयाँ पदसँगै थप चुनौती र जिम्मेवारी बढेको उल्लेख गर्दै उनले परिणाममुखी काम, समर्पण र जवाफदेहितालाई प्राथमिकतामा राखेर अघि बढ्ने बताए । आफ्नो व्यावसायिक यात्रामा साथ, हौसला, प्रेरणा र विश्वास प्रदान गर्ने परिवार, इष्टमित्र, गुरुजन, साथी-संगी तथा सहकर्मीहरूप्रति उनले आभार व्यक्त गरेका छन् ।

साउदी अरेबियालगायत खाडी मुलुकमा नेपालीहरू विभिन्न क्षेत्रमा कार्यरत रहे पनि उच्च व्यवस्थापकीय तहमा पुग्ने नेपालीको संख्या सीमित रहेको अवस्थामा भण्डारीको व्यावसायिक प्रगतिलाई प्रवासी नेपाली समुदायका लागि प्रेरणादायी उदाहरणका रूपमा लिन सकिन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षामा नेपाली युवाको पहुँच विस्तार गर्न सके विश्वका विभिन्न मुलुकमा नेपालीले दक्ष जनशक्तिका रूपमा थप उच्च जिम्मेवारी प्राप्त गर्न सक्ने उनको विश्वास छ । नयाँ जिम्मेवारीसँगै नयाँ ऊर्जा, नयाँ लक्ष्य र अझ ठूलो प्रतिबद्धताका साथ व्यावसायिक यात्रालाई अघि बढाउने भण्डारीले बताएका छन् ।

# अक्सिजन सिलिन्डर पड्किँदा एम्बुलेन्समा आगलागी



**प्रदीप मगर/मध्यान्ह**
सल्यान, २ असोज

सल्यानको शारदा नगरपालिकाको एम्बुलेन्स अक्सिजन सिलिन्डर पड्किएर आगलागी हुँदा पूर्ण रूपमा जलेर क्षतिग्रस्त भएको छ । बिरामी लिएर नेपालगन्ज गएको एम्बुलेन्स फर्कने क्रममा बाँकेको जानकी गाउँपालिका-६ स्थित सूर्यशक्ति ग्यास उद्योगमा ग्यास भर्ने क्रममा अक्सिजन सिलिन्डर पड्किएपछि आगलागी भएको हो ।

कर्णाली प्रदेश ०२००१ झ ०२४५ नम्बरको एम्बुलेन्समा बिहीबार बिरामीलाई नेपालगन्ज पुऱ्याएर फर्कने क्रममा अक्सिजन भर्न खोजिएको थियो। अर्को बिरामी ल्याउने भनेर सिलिन्डर भर्न गएको र सोही क्रममा सिलिन्डर पड्किएर एम्बुलेन्समा आगो लागेको शारदा नगरपालिकाका नगरप्रमुख प्रकाश भण्डारीले जानकारी दिए ।

उनका अनुसार आगलागीबाट एम्बुलेन्स पूर्ण रूपमा जलेको छ । आगलागीमा परी एम्बुलेन्स चालक लोकेन्द्र बस्नेत घाइते भएका छन् । उनको सामान्य उपचारपछि डिस्चार्ज गरिएको नगरप्रमुख भण्डारीले जानकारी दिए ।

'नगरपालिकामा एउटा मात्रै एम्बुलेन्स थियो । त्यही पनि जलेर काम नलाग्ने अवस्थामा पुगेपछि आकस्मिक बिरामी तथा गर्भवती महिलालाई सेवा दिन समस्या हुने अवस्था आएको छ,' नगरप्रमुख भण्डारीले भने ।

शारदा नगरपालिकाले उक्त एम्बुलेन्समार्फत नगर क्षेत्रका ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला र विपन्न नागरिकलाई सेवा दिँदै आएको थियो। एम्बुलेन्स नहुँदा उपचारका लागि अन्यत्र लैजानुपर्ने बिरामीलाई थप समस्या हुने नगरपालिकाले जनाएको छ ।

'ख' श्रेणीको उक्त एम्बुलेन्स २०८० सालमा भगिनी सम्बन्ध स्थापना गरेको काठमाडौंको तारकेश्वर नगरपालिकाले शारदा नगरपालिकालाई सहयोग गरेको थियो । एम्बुलेन्स प्राप्त भएपछि नगरपालिकाका नागरिकलाई आकस्मिक स्वास्थ्य सेवा लिन सहज हुँदै आएको थियो ।

# लायन्स क्लब विराटनगरद्वारा विपद् कोषमा सहयोग



**विराटनगर/मस–** भोटेकोशी, रसुवालगायतका क्षेत्रमा बाढीपहिरोबाट प्रभावितको उद्धार तथा राहतका लागि लायन्स क्लब अफ विराटनगर सेन्ट्रलले १ लाख ५१ हजार रुपैयाँ सहयोग गरेको छ। क्लबले उक्त रकम लायन्स डिस्ट्रिक्ट ३२५ सीको विपद् कोषमा जम्मा गरेको हो । सहयोग रकम जम्मा गरेको जानकारीसहितको पत्र क्लबका अध्यक्ष लायन डा.मञ्जिल श्रेष्ठले बुधबार विराटनगरस्थित होटल स्वागतममा आयोजित कार्यक्रममा डिस्ट्रिक्ट गभर्नर लायन लीला प्रसाद चिमरियालाई हस्तान्तरण गरे ।

हालै भोटेकोशी, रसुवालगायतका क्षेत्रमा आएको बाढीपहिरोबाट ठूलो जनधनको क्षति भएको छ। प्रभावित क्षेत्रमा तत्काल उद्धार, राहत तथा पुनःस्थापनाका लागि सहयोग आवश्यक रहेको भन्दै क्लबले विपद् कोषमा रकम उपलब्ध गराएको जनाएको छ ।

क्लबका सचिव लायन आशिष श्रेष्ठका अनुसार डिस्ट्रिक्टमार्फत संकलित रकम बाढीपहिरो प्रभावित क्षेत्रमा आपत्कालीन उद्धार, राहत सामग्री वितरण तथा पुनःस्थापनाका काममा परिचालन गरिनेछ । सहयोग रकम हस्तान्तरण कार्यक्रममा डिस्ट्रिक्टका भाइस डिस्ट्रिक्ट गभर्नर, क्याबिनेट सेक्रेटरी, पास्ट डिस्ट्रिक्ट गभर्नर, क्लबका पूर्वअध्यक्ष तथा सदस्यहरूको उपस्थिति थियो ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०४/०६ मा दर्ता भएको **प्रा.लि.नं. १५२३६४** को **युनिभर्सल होल्डिङ्स नेपाल प्रा. लि.** को मिति २०८३/०५/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: गोपाल खतिवडा (इजाजत नं. ६१५)**
**ठेगाना: का.म.न.पा.–९, काठमाडौं**
**सम्पर्क: ९८६३५४२२९०**

**सर्टिफिकेटहरू हराएको सूचना**

SLC, +2 तथा MBBS को Transcript, Degree सर्टिफिकेट लगायत अन्य महत्वपूर्ण प्रमाणपत्रहरू रहेको My Clear Bag हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा **सम्पर्क नं. ९८४४२९५२७७** मा सम्पर्क गरी निज **अजय चौधरी**लाई बुझाइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०६/०६ मा दर्ता भएको **प्रा.लि. नं. ६६४२७** को **आई को एड. इन्टरप्राइजेज प्रा. लि.** को मिति २०८३/०६/०२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: नीलकण्ठ पोखरेल,**
**इजाजत पत्र नं. ५१२, ठेगाना : त्रिपुरेश्वर**
**काठमाडौं, फोन नं. ९८५१००६०४६**

**इजी होम सेन्टर प्रा.लि.**
**चाबहिल- ७, काठमाडौं**
**विशेष साधारणसभा (SGM) सम्बन्धि ७ दिने सूचना**
**दोश्रो पटक प्रकाशित मिति २०८३/०६/०३**

इजी होम सेन्टर प्रा.लि. (प्रा.लि.नं.२४७४०) को मिति २०८३/०६/०२ गते बसेको सञ्चालक समितिको बैठकबाट कम्पनीको विशेष साधारणसभा निम्न मिति, समय र स्थानमा बसी तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गर्नुपर्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारणसभा हुने स्थान र समय तालिका :**
स्थान : इजी होम सेन्टर प्रा.लि.को रजिष्टर्ड कार्यालय,चाबहिल काठमाडौं ।
मिति : २०८३/०६/१० गते ।
समय : शुक्रबार बिहान १० बजे ।

**छलफल तथा निर्णयका लागि पेश गरिएका विशेष प्रस्तावहरु :**
१. कम्पनीको विशेष खारेजी गर्नका लागि आवश्यक छलफल गरि निर्णय पारित गर्ने सम्बन्धमा ।

**सिद्धार्थ बुद्ध ओभरसिज प्रा.लि. को जरुरी सूचना**
**प्रकाशित मिति : २०८३/०६/०३ गते**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि. (श्रम इजाजत पत्र नं. १८३/०५७/०५८)** को नाम लिई **दिलीप कुमार तामाङ (नागरिकता नं. ४४०१७)** भन्ने व्यक्तिले अफिसको भिजिटिङ कार्ड बनाई यस प्रा.लि.को नाम लिई वैदेशिक रोजगारमा पठाई दिन्छु भनी विभिन्न व्यक्तिहरुसँग आर्थिक कारोबार गरेको र निजले आफनो खाता र अन्य व्यक्तिको खातामा आर्थिक कारोबार गर्ने र गर्न लगाउने भन्ने सुनिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । निज व्यक्ति यस प्रा.लि को आधिकारिक व्यक्ति नभएको र यस प्रा.लि.को केन्द्रीय कार्यालय महाराजञ्ज काठमाडौंमा बाहेक अन्यत्र कहि कतै सम्पर्क कार्यालय नभएको समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस प्रा.लि.को आधिकारिक व्यक्ति बाहेक अन्य कसैसँग पनि वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउन र गरेमा यस प्रा.लि. जिम्मेवार नहुने जानकारी गराउँदछौं । यस प्रा.लि.सँग सम्बन्धित आर्थिक कारोबार गर्दा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्न अनुरोध गर्दछौं ।

**सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र नं. १८३/०५७/०५८
पो. ब.न. १४१५०, महाराजगञ्ज (इन्द्रेणी फुडल्याण्ड पछाडी), काठमाडौं, नेपाल
फोन: ४७२१३९४, ४७२१३९५, मोबाइल नं.: ९८५१०२९९१४, ९८४१७६६२४२, ९८१३५९५४४६,

**जनहितमा जारी सन्देश**

- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्रै कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

**गौरीशंकर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुरी, दोलखा**

**जनहितमा जारी सन्देश**

- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्रै कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

**डोल्पो बुद्ध गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**धो, डोल्पा, कर्णाली प्रदेश, नेपाल**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/११/२८ मा दर्ता भएको **दर्ता नं. २५८६००** को **चोइस इन्टरनेशनल मिडिया एण्ड मार्केटिङ प्रा. लि.** को मिति २०८३/०५/२५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति: २०८३/०६/०३**

मिति २०८३/०५/०३ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **काठमाडौं कौटील्या एजुकेशन फाउण्डेशन प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **दिव्य बाटिका माध्यमिक विद्यालय काठमाडौं प्रा. लि (दर्ता नं.: १०४३६०)** कायम गर्ने गरी मिति २०८३/०५/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/०६/१० मा दर्ता भएको **प्रा. लि. नं. ९७६७०** को **अवित क्रियसन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०१/०६ मा दर्ता भएको **प्रा.लि.नं. १३४८११** को **मेरिगोल्ड एजुकेशनल कन्सल्टेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**यूएईमा रोजगार**
कम्पनी: BURJEEL CLEANING SERVICES - L.L.C - S.P.C, शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०२/२२ चलानी नं.: ६०२५६३७६ L.T. No.: 343148 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Female | 0 | 38 | सम्बन्धित काममा दक्ष | 1200 | ५०,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners Male | 59 | 0 | | 1000 | ४१,७१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १० गते (26 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**STARIS HR SERVICES PVT. LTD.** श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

**साउदीमा रोजगार**
कम्पनी: TRIANGLE PIECE CATERING COMPANY, शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८३/०५/३१ चलानी नं.: ६०२६१३६१ L.T. No.: 347862

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Cook (Kitchen Helper) | 1 | 0 | स. काममा दक्ष | 2450 | ९९,९११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: COMPANY SOMEWHERE ELSEWHERE, शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८३/०५/३१ चलानी नं.: ६०२६१३६० L.T. No.: 347823

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Cook (Kitchen Helper) | 2 | 0 | स. काममा दक्ष | 1300 | ५३,०१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १० गते (26 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**High Quality Overseas Pvt.Ltd.**
License No.: 1269/074/75
Samakhushi, Town Planning, Kathmandu, Tel.: 01-4984853 | 4957168 | 9815127328 (Dilip Ranabhat),
Email: hiqualitynepal@gmail.com

**ओमन र कतारमा रोजगार**
कम्पनी : NESTO HYPER MARKET LLC, शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८३/०५/०३ चलानी नं.: ६०२६१३४५ L.T.No.: 346753

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ARABIC FOOD COOK MAN | 30 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५९६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Dairy Product Salesman | 35 | 0 | | 130 | ५१७२९ | | | | | | | |
| 3. | ELECT HOUESHOLD APPLIANCE SALES | 20 | 0 | | 130 | ५१७२९ | | | | | | | |
| 4. | fishery cum salesman | 25 | 0 | | 130 | ५१७२९ | | | | | | | |
| 5. | home applicances salesman | 25 | 0 | | 130 | ५१७२९ | | | | | | | |
| 6. | HOUSEHOLD SALESMAN | 30 | 0 | | 130 | ५१७२९ | | | | | | | |
| 7. | MEN CLOTHES SALES | 25 | 0 | | 130 | ५१७२९ | | | | | | | |
| 8. | Merchandise Pricing | 20 | 20 | | 130 | ५१७२९ | | | | | | | |
| 9. | READYMADE CLOTHES SALES | 39 | 0 | | 130 | ५१७२९ | | | | | | | |
| 10. | RUGS AND CARPETS SALES | 20 | 0 | | 130 | ५१७२९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १० गते (26 September 2026) मा हुनेछ ।**

कम्पनी : NESTO HYPER MARKET W.L.L, शहर: QATAR
पूर्व स्वीकृत मिति: २०८३/०३/०५ चलानी नं.: ६०२५७०५५ L.T.No.: 343804 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Person | 25 | 8 | सम्बन्धित काममा दक्ष | 1300 | ५४६३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cashier | 0 | 8 | | 1300 | ५४६३९ | | | | | | | |

**अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर इटहरीमा २०८३ असोज ११ गते (27 September 2026) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर शाखा कार्यालय झापामा २०८३ असोज १२ गते (28 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.** श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.) गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, नवराज रिजाल: ९७१२०७४०७८

**ओमनमा रोजगार**
कम्पनी: AL-KANARI INTERNATIONAL L.L.C, शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८३/०६/०२ चलानी नं.: ६०२६१३१३ L.T. No.: 348113

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Public Areas) | 9 | 1 | स. काममा दक्ष | 100 | ३९७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १० गते (26 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Destiny H.R.Group Pvt. Ltd.** Govt.Lic.No.: 1552/079/080
Sinamangal-9, Kathmandu.Tel No:5913085/5914085
Email: admdestinyhr@gmail.com/Website: www.destinyhrgroup.com.np

**कुवेतमा रोजगार**
कम्पनी: Astora Sweet Restaurant Company, शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०६/०२ चलानी नं.: ६०२६१३०९ L.T. No.: 348110

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT CHEF (ASST. COOK) | 0 | 6 | स. काममा दक्ष | 150 | ७४७६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १० गते (26 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EMASCO NEPAL PVT. LTD.** श्रम ईजाजत नं. ११७/०५५/०५६
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४९६२७७०८, ४९५७७७०८, फ्याक्स नं.: ४३५७७७०८ Mob.: 9765821842 (Sandeep Gurung)

# ‘बखत्ते’ निर्देशन गर्दै उपेन्द्र सुब्बा




**काठमाडौं/मस–** आशिष तामाङ र प्रदीपजी धामीले नयाँ चलचित्र निर्देशनको घोषणा गरेका छन् । आन्भी फिल्म्सको प्रस्तुति रहने कबड्डी फिल्म्सको सहयकार्य रहने चलचित्र ‘बखत्ते’को शुक्रबार ललितपुर अवस्थित महालक्ष्मी मन्दिर परिषरमा शुभमुहूर्त गरिएको हो ।

यो चलचित्रलाई निर्देशक उपेन्द्र सुब्बाले निर्देशन गर्न भएका छन् । चलचित्र ‘बखत्ते’ मा उनैको लेखन रहेको छ । चलचित्रको मुख्य भूमिकामा विपिन कार्की र मिरुना मगर छन् । यस्तै, यस सिनेमामा शिशिर बाङ्देल, अनुराग कुँवर, विनोद न्यौपाने, अनिल सुब्बा, शारदा गिरी, उषा किरण अधिकारी, मिस्री थापा, सुगम दुलाल, सहिष्मा खड्का, अनिशा काफ्ले र बालकलाकार रिन्जेन लामालगायतको अभिनय रहनेछ ।

‘मैले लामै समय लिएर बखत्ते निर्देशन गर्न लागेको छु । यो कथा चाहिँ दर्शकले रुचाउनु हुनेछ भन्ने लागेको छ,’ निर्देशक सुब्बाले भने, ‘इमान्दार भएर कथा लेखेको छु, सिनेमा पनि इमान्दार भएर बनाउनेछु । आशा छ, दर्शकले पनि मन पराउनु हुनेछ ।’ सुब्बाको पछिल्लो निर्देशन ‘जारी २’ हो ।

आशिषएच तामाङ र प्रदीपजी धामी निर्माता रहेको चलचित्रमा कार्यकारी निर्माता युवराज काफ्ले छन् । सह-निर्मातामा अञ्जु पाण्डे र पुष्कर घिमिरे छन् ।

पुरुषोत्तम प्रधानको छायांकन रहने चलचित्रलाई निमेष श्रेष्ठले सम्पादन गर्नेछन् । साउन्ड डिजाइन उत्तम न्यौपानेको रहनेछ । चिफ आरओमा फिरोज खड्का र किरण चाम्लिङ राई छन् । हेड अफ प्रोडक्सनमा दिलीप पन्त छन् । प्रोडक्सन म्यानेजरमा रबिन बखरेल रहेका छन् ।

चलचित्रमा शुसान्त गौतम, प्रशान्त सिवाकोटी र समीर खरेलको संगीत रहनेछ । गीत युवराज काफ्ले र दानबहादुर कार्कीको रहनेछ । मेकअप तथा हेयर: स्वस्तिका श्रेष्ठ (स्वस्तिका स्टुडियो)को रहनेछ । पोस्टर/पब्लिसिटी डिजाइनरमा रोयल भीमसेन (ट्राइडेन्ट कन्सेप्ट टिम) छन् । मुभिज डिजिटेनमेन्ट डिजिटल पार्टनर रहेको सिनेमाको वितरण काठमाडौंमा एप्पल इन्टरटेनमेन्टले गर्नेछ भने काठमाडौं बाहिर कुबेर सिने डिस्ट्रिब्युसन्सले गर्नेछ ।

# ‘म मदनकृष्ण’को छायांकन सुरु



**काठमाडौं/मस–** वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठको जीवनीमा आधारित बायोपिक सिनेमा ‘म मदनकृष्ण’को छायांकन सुरु भएको छ । चलचित्रको शुक्रबार शुभमुहूर्त गर्दै छायांकन सुरु गरिएको हो ।

शुभमुहूर्तमा सिनेमाका अधिकांश कलाकारको उपस्थिति रहेको थियो । शुक्रबारबाट सुटिङ सुरु भएको सिनेमाको पाँचखाल, पनौती र काठमाडौंमा छायांकन हुनेछ । छायांकन सुरु गर्दै निर्माणपक्षले चलचित्रको रिलिज डेट पनि अनाउन्स गरेको छ । यो चलचित्र चैत ४ गतेबाट प्रदर्शनमा आउनेछ । ‘हाम्रो चलचित्र म मदनकृष्ण चैत ४ गतेबाट अल नेपाल प्रदर्शनमा आउनेछ,’ निर्देशक मिलन चाम्सले भने, ‘हामीले यसअघि अञ्जिलाको सिनेमा जसरी दर्शकले रुचाउनु भयो, त्यस्तै यो सिनेमालाई पनि उत्कृष्ट बनाउने प्रयास गर्नेछौं ।’

यो पटक लिजेन्ड्री व्यक्ति रहेको र संघर्ष, सफलता र अनुभवको सिंगो पहाड नै रहेकाले ‘म मदनकृष्ण’ थप उत्कृष्ट चलचित्र बन्नेमा आफ्नो टिम ढुक्क रहेको उनले बताए ।

‘म मदनकृष्ण’मा मदनकृष्णको भूमिका अभिनेता महेश त्रिपाठीले निर्वाह गर्नेछन् । यो बायोपिकको शीर्ष भूमिकामा दर्शकले केकी अधिकारीलाई देख्न पाउनेछन् । उनले मदनकृष्णकी श्रीमती यशोदाको भूमिका निर्वाह गर्नेछिन् ।

अरुण क्षेत्री हरिवंश आचार्यको रोलमा देखिनेछन् । हरिवंश मदनकृष्णको कलाकारिताको जोडी हुन् । यो जोडीलाई मह जोडीको नाम दिइएको छ ।

अरुणको अपोजिटमा वर्षा राउत देखिनेछिन् । उनले हरिवंश आचार्यको श्रीमतीको भूमिका निर्वाह गर्नेछिन् ।

मदनकृष्णको जिन्दगीका सुख, दुःख समेट्दै उनको सम्पूर्ण जीवन संघर्ष र आरोह–अवरोहलाई समेटेर निर्माण हुने बायोपिक सिनेमा ‘म मदनकृष्ण’लाई मिलन चाम्सले निर्देशन गर्दैछन् । उनले गत वर्ष चलचित्र ‘अञ्जिला’ निर्देशन गरेका थिए, जुन राष्ट्रिय फुटबल टिमकी गोलरक्षक तथा क्याप्टेन अञ्जिला तुम्बाप्पेको बायोपिक थियो ।

मदनकृष्णको बाल्यकाल, सरकारी जागिरे जीवन, हरिवंशसँगको सहकार्य, अन्तरजातीय विवाहलगायतको कथा बायोपिकमा समावेश हुनेछ । चलचित्रमा राजाराम पौडेल, किरण केसी, रमेश बुढाथोकी विनोद न्यौपाने, रुषा न्यौपाने, यमन श्रेष्ठ, देशभक्त खनाल, दिनेश डिसी, कृष्णभक्त महर्जन, सुरज तमु, दीया जिसी, सिर्जना अधिकारी, हिउँवाला गौतमलगायतको पनि अभिनय रहनेछ । भिन्टेज मोसन पिक्चर्सको प्रस्तुति बायोपिक ‘म मदनकृष्ण’लाई राजकुमार श्रेष्ठले निर्माण गर्नेछन् । यो चलचित्रलाई काठमाडौं उपत्यकामा करण श्रेष्ठको रिच इन्टरटेनमेन्ट र काठमाडौं बाहिर रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्म्सले वितरण गर्नेछ ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

